# कृषि विभाग अन्तरगत संचालित मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

## पंहीलो सशोधन २०७३

नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।९।१८ को नीर्णयबाट स्वीकृत
नेपाल सरकार (सचिवस्तर) को मिति २०७३ ।९ । १ को निर्णयबाट प्रथम पटक स्रशोधित

**नेपाल सरकार**

**कृषि विकास मन्त्रालय**

**आश्विन २०७३**

# मौरी, च्याउ र रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० पहिलो सशोधन २०७३

**प्रस्तावना**

कृषि प्रधान देश नेपालमा छैसठ्ठी प्रतिशत जनताको जीविकोपार्जनका श्रोत कृषि रहेको र कूल ग्राहस्थ उत्पादनमा करिब पैतिस प्रतिशत कृषि क्षेत्रले योगदान गरेको अवस्था छ । देशको रोजगारीको प्रमूख क्षेत्र कृषि भएकोले कृषि व्यवसायलाई व्यावसायिक, प्रतिस्पर्धि र बातावरण अनुकुलन बनाई कृषि उपजको उत्पादन तथा आन्तरीक खपत बढाई आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने मूल उद्देश्य राखी मौरी, रेशम र च्याउ सम्बन्धि कार्यक्रममा अनुदानको व्यवस्थागरी कृषिमा नेपाली नागरीकलाई आकर्षित गर्न विशेष कार्यक्रम सचालन गर्न लागिएको छ ।

निम्न आय भएका कृषक बर्गलाई रेशम खेती, मौरी गोला तथा मौरी पालन सामाग्रीमा अनुदान दिई महको उत्पादन बढाउने मौरीपलान सम्बन्धी ओजार उपकरणको उद्योग व्यावसाय गर्ने व्यावसायी तथा युवा वर्गलाई व्यावसायिक मौरीपालन, च्याउ तथा च्याउको विउ उत्पादन, र रेशम धागो तथा रेशम कपडा उत्पादन कार्यमा आकर्षित गर्न अनुदान सहुलियत दिन आवश्यक परेकोले मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० मा संशोधन तथा परिमार्जन गर्न आवश्यक देखीएकोले नेपाल सरकारबाट व्यावसायिक कीट विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७३ लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१. यो कार्यविधिको नाम **"मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३"** रहेको छ ।

१.२. यो कार्यविधि कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१. व्यावसायिक कीट विकास कार्यक्रम" भन्नाले मौरीपालन तथा च्याउ खेतीसंग सम्बन्धीत कार्यक्रम सम्झनु पर्दछ

२.२. "च्याउ उत्पादन कार्यक्रम" भन्नाले ताजा च्याउ उत्पादन गर्ने, प्रशोधन गर्ने, बिक्री वितरण सम्बन्धी काम गर्ने र च्याउको विउ उत्पादन तथा बिक्री वितरण गर्ने कार्य बुझाउदछ ।

२.३. "मौरीपालन व्यवसाय" भन्नाले मह, मौरीजन्य बस्तुहरु उत्पादन, मौरी पालन र मह प्रशोधमा प्रयोगहुने औजार उपकरणहरुको निर्माण र बिक्री वितरण, मह र मौरीजन्य बस्तुहरुको प्रशोधन , गुणस्तर मापन, प्रमाणिकरण र विदेश निकासी गर्नेसम्मका कार्यक्रम बुझाउछ ।

२.४. "निम्न आय भएका कृषक" भन्नाले बार्षिक भन्दा कम आय भएका कृषक बुझिन्छ ।

२.५. "व्यावसायिक मौरी कृषक" भन्नाले कम्तीमा पनि ५० घार मौरीपालन गर्ने कृषक बुझ्नु पर्दछ ।

२.६. "मह व्यवसायी" भन्नाले बर्षैभरी मह संकलन, प्रशोधन तथा वेचविखन गर्ने, मौरी घार तथा मौरीपालन ।

२.७. उपकरणहरु उत्पादन गरी बिक्री वितरण गर्ने जस्ता कारोबार गर्ने उद्योग व्यावसाय दर्ता गरेको व्यक्ति र फर्मलाई सम्झनु पर्दछ ।

२.८. व्यावसायिक च्याउ खेती गर्ने कृषक" भन्नाले बर्ष भरीमा कम्पोष्ट वा पराल वा अन्य माध्यममा च्याउको खेती गरी कम्तीमा पनि बार्षिक ५ लाख आम्दानी गर्न सक्ने कृषक र फर्म बुझ्नु पर्दछ।

२.९. "पेरीअर्वन क्षेत्र" भन्नाले शहरको छेउछाउ र शहरसंग जोडिएका यातायातको सुविधा भएका क्षेत्र पर्दछन्।

२.१०. "मह निर्यात प्रवर्द्धन" भन्नाले व्यावसायिक रुपमा मह उत्पादन, उत्पादित महको प्रशोधन, गुणस्तर मापन, प्याकीङ्ग तथा विदेश निकासी गर्ने कार्य जनाउंछ।

२.११. "रेशमखेती विकास कार्यक्रम" भन्नाले किम्बु खेती र रेशम कीरापालन सम्बन्धी सम्पूर्ण क्रियाकलापहरु बुझाउंछ।

२.१२. "कीम्बु खेती विस्तर" कार्यक्रम भन्नाले कीम्बु विरवा उत्पादन, विक्री वितरण, कीम्बु विरुवा रोपण गर्ने कार्य बुझाउंछ।

२.१३. "रेशम कीरा पालन" भन्नाले रेशम बिज उत्पादन, भण्डारण, वितरण, चौकी कीरा पालन, ठूला कीरापालन। विजकोया उत्पादन, कोया उत्पादन, कोया टीप्ने, सुकाउने तथा विक्री वितरण गर्ने सम्मका कार्यक्रम बुझाउछ।

२.१४. "रेशमजन्य उद्योग" भन्नाले ताजा कोकुन खरिद गरि सुकाउने, धागो निकाल्ने, कपडा तयार गर्ने, कीम्बु र रेशम कीराबाट विभीन्न रेशमजन्य वस्तु उत्पादन गरी विक्री वितरण सम्बन्धी कार्यहरु गर्ने सामुहिक वा व्यक्तिगत व्यवसायलाई जनाउंछ।

२.१५. "व्यावसायिक रेशम कृषक" भन्नाले कम्तीमा पनि १० रोपनीमा कीम्बु खेती लगाई एक पटकमा कम्तीमा ४ बाकस (८०००० कीरा) रेशम कीरा पालन गर्ने कृषक बुझ्नु पर्दछ।

२.१६. "रेशम व्यवसायी" भन्नाले नियमित रुपमा कृषकहरुबाट उत्पादित रेशम कोकुन सकलन, गर्ने, धागो निकाल्ने, रेशम कपडा तथा अन्य रेशमजन्य बस्तु उत्पादन गरी विक्री वितरण गर्ने जस्ता कारोबार गर्ने उद्योग व्यावसाय दर्ता गरेको व्यक्ति र फर्म सम्झनु पर्दछ।

२.१७. "एपी टुरीजम" भन्नाले मौरीपालनको माध्यमबाट विदेशी तथा स्वदेशी पर्यटकहरुलाइ आकर्षण गर्ने विभिन्न कृयाकलाप सञ्चालन गर्ने बुझाउछ।

२.१८. "पेरीअर्वन क्षेत्र" भन्नाले शहरको छेउछाउ र शहरसंग जोडिएका यातायातको सुविधा भएका क्षेत्र पर्दछन्।

## ३. उद्देश्यः

यस कार्यविधिका उद्देश्य देहाय वमोजिम रहेका छन्:-

क) मह र च्याउको आन्तरीक उपभोगमा वृद्धि गराई खाद्य पोषणमा सुधार ल्याउन जनचेतनामूलक कार्यमा अनुदान उपलब्ध गराउने।

ख) गुणस्तर मह तथा मौरीजन्य वस्तुको उत्पादन गरी विश्वमा निकासी गर्ने।

ग) रेशम खेतीलाई व्यवसायिकरण गर्न प्रेरित गराई आयात प्रतिस्थापन गर्दै निर्यात बढाउने।

घ) ४० % भुगोल ओगटेको बन क्षेत्रको सदुपयोग गरि मौरीपालन, च्याउखेती तथा रेशम उद्योग मार्फत आत्मनिर्भर गराउने।

## परिच्छेद २

### मौरीपालन र च्याउ खेती

२.१ मौरी पालन तथा च्याउखेतीबाट गरीबी न्यूनीकरण तथा खाद्य सुधार कार्यक्रम सञ्चालन देहाय अनुसार हुनेछ

क) भूमीहिन, गरिब तथा न्यून आय भएका कृषक समुदायहरु बसोबास गर्ने क्षेत्रहरुको छनौट गरिने छ ।

ख) गरिबीको रेखामुनी रहेका र आफ्ने जमिनको उत्पादनले बर्षदिन खान नपुग्ने र पेरीआर्वन क्षेत्रमा रहेका चेपाङ्ग र अन्य समुदायहरुलाइ लक्षित गरि यो कार्यक्रम सञ्चालन गरिने छ ।

ग) कार्यक्रमसंग सम्बन्धीत जिल्ला कृषि विकास कार्यालय जिल्ला विकास समिति समेतको सहयोग र सहकार्यमा चेपाङ्गजस्तै अन्य गरीब विपन्न परिवारको बाहुल्यता भएको मौरीपालनको हकमा जगल र मौरी चरन क्षेत्र भएको तथा च्याउको हकमा विषालु च्याउको सेवनबाट जीउधनको क्षति भएको र शहरी क्षेत्रको आसपासको क्षेत्रको पहिचान गरी जिल्ला कृषि विकास कार्यहरुले बजेट तथा कार्यक्रम योजना तर्जुमा गरी योजना तर्जुमा गोष्ठिको समयमा व्यावसायिक कीट विकास निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

घ) प्रस्तावित कार्यक्रमहरु (अनुसुची २) प्राप्त भएपछि कार्यक्रम कार्यान्वयन समिति सहितको विषय विशेषज्ञको प्राविधिक टोली सम्बन्धित क्षेत्रमा गएर (अनुसुची ६) भौगोलिक तथा प्राविधिक पक्षहरुको स्थलगत निरीक्षण गरी प्रथामिकता क्रम निर्धाण गरिने छ । उपलब्ध भएका योजानहरु मध्येबाट प्राप्त भएको बजेटको आधारमा प्रथामिकताको आधारमा कार्यक्रम लक्ष्य निर्धारण गरी पेश गरिने छ । कार्यक्रम स्विकृत भै सकेपछि जिल्ला कृषि विकास कार्यालय मार्फत सम्झौता (अनुसुची ४) गरि कार्यक्रम सञ्चालन गरिने छ ।

ङ) समुहमा आवद्ध इच्छुक कृषकहरुलाई ३ देखि ७ दिने सैद्धान्तिक तथा व्यावहारीक तालीम प्रदान गरिने छ ।

च) तालीम प्राप्त कृषकहरुले तालीममा सिके अनुसार च्याउ खेती तथा मौरीपालन गर्नु पर्नेछ ।

छ) मौरीपालन गर्ने कृषकले मौरी चरनको विकास र विस्तार गर्न आवश्यक पर्ने च्युरीको तथा अन्य मौरी चरन उपयोगी बोट बिरुवा लगाउन तथा संरक्षण गर्न प्रोत्साहित गरिने छ । यसको लागी बन कार्यालय र बन उपभोक्ता समितिहरु सगको समन्वय र सहकार्यमा आगामी आ.ब.हरुमा कार्यक्रम योजना तर्जुमा गरिने छ ।

ज) कार्यक्रम कार्यान्वयन समितिको व्यवस्था : जिल्ला कृषि विकास कार्यालय/मौरीपालन तथा रेशमखेती विकास कार्यक्रमहरुबाट प्राप्त भएका योजनाहरुको प्रथामिकता क्रम निर्धारण गर्नकोलागि अनुसुची ७ अनुसारको कार्यक्रम कार्यन्वयन समीतको व्यवस्था गरिने छ ।

### आर्थिक पक्ष

मौरी पालन तथा च्याउखेतीबाट गरीबी न्यूनीकरण तथा खाद्य सुधार कार्यक्रमको आर्थिक पक्ष देहाय अनुसार हुनेछ

१. तालिममा सहभागी प्रशिक्षक तथा प्रशिक्षार्थीहरुको नियमानुसारको पारीश्रमिक तथा आते जाते भत्ता, खाजा, स्टेशनरी एवं तालीम सञ्चालन गर्न आवश्यक पर्ने सामाग्रीहरुको नियमानुसारका खर्चहरु
२. व्यावसायिक रुपमा च्याउ खेती गर्न आवश्यक पर्ने प्लाष्टिक, बाँस, तथा अन्य सामाग्री र उक्त टनेल बनाउने मिस्त्रीको ज्याला समेतको खर्च टनेल निर्माण समेतमा ९० प्रतिशत अनुदान दिने
३. च्याउको विउ ९० प्रतिशत मूल्य अनुदानमा खरिद गरि वितरण गर्ने ।
४. च्याउ खेतीगर्न आवश्यक पर्ने पराल, मलखाद तथा अन्य सामाग्रीहरुको मूल्यमा ९० प्रतिशत अनुदानमा वितरण गर्ने ।

५. ५ हजार च्युरीको विरुवा उत्पादन गर्ने नर्सरी स्थापना गर्न आवश्यक खर्चमा प्रति नर्सरी ५० हजारका दरले निजी नर्सरी धनीलाई अनुदान दिने ।

६. मौरीपालन गर्न आवश्यक पर्ने घार तथा अन्य उपकरणहरु एक पटकलाई ९० प्रतिशत अनुदानमा सम्बन्धीत मौरपािलन कार्यालय वा व्यावसायिक कीट विकास निर्देशनालयमा सुची दर्ता गरेका श्रोत केन्दहरुबाट लक्ष्य अनुसारको सख्यामा खरिद गरि वितरण गर्ने वा व्यावसायिक कीट विकास निर्देशनालयले तोकेको अनुसुची १८ अनुसारका श्रोत केन्द्रबाट खरिद गर्न लगाई श्रोत केन्द्रलाई लागत मूल्यको ९० प्रतिशत मूल्य अनुदान दिने ।

७. स्थानियस्तरमा उपलब्ध हुन नसक्ने आवश्यक सामाग्रीहरु कार्यस्थलसम्म ढुवानी गरी लैजादा लाग्ने स्थानिय दररेट नुसारको सतप्रतिशत ढुवानी ।

८ मौरीपालन तथा मह प्रशोधन र मौरीजन्य उत्पादन प्याकिङ्गमा प्रयोग हुने औजार उपकरणमा ९० प्रतिशतसम्म मूल्य अनुदानमा उपलब्ध गराउने ।

## २.२ व्यावसायिक मह उत्पादन तथा मह निर्यात प्रवर्द्धन कार्यक्रम

### २.२.१ व्यावसायिक मह उत्पादन तथा मह निर्यात प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया देहाय अनुसार हुनेछ ।

क) व्यावसायिक रुपमा मौरीपालन गर्ने जिल्ला क्षेत्र तथा काठमाण्डौ, ललितपुर जस्ता महको व्यावसाय गर्ने क्षेत्रहरुमा व्यावसायिक रुपमा मौरीपालन गरि मह र मौरीजन्य वस्तुको उत्पादन र विक्री वितरण गर्ने, मौरी घारगोला सहित मौरी पालन औजार उपकरणहरु निर्माण र विक्री वितरण गर्ने, महको संकलन, प्रशोधन, र बजारीकरण गर्ने, महको निकासी गर्न आवश्यक पर्ने मापदण्डहरुको तयारी गरि महको निकासी गर्ने उद्यमी व्यावसायीहरुलाई लक्षित गरि यो कार्यक्रम सञ्चालन गरिने छ ।

ख) यो कार्यक्रम सञ्चालन गर्न महको व्यापार प्रवर्द्धनमा लागेका मह व्यावसायि उद्यमी तथा मह उत्पादकहरुसगको Public Private Partnership (PPP) को अवधारणा अनुसार सञ्चालन गरिने छ ।

ग) यो कार्यक्रम समन्वय समितीले छनौट तथा सिफारीस गरेका आधारमा व्यावसायिक कीट विकास निर्देशनालय वा मौरीपालन विकास शाखा कार्यालयहरु मार्फत सञ्चालन हुनेछ ।

घ) व्यावसायिक कीट विकास निर्देशनालय वा सम्वन्धीत मौरीपालन विकास कार्यालयहरुले राष्ट्रिय पत्रिकामा प्रत्येक आ.व.को शुरुमा निश्चित समय सिमा राखि कार्यक्रम प्रस्तावको लागि सूचना आव्हान गर्ने छन र सो अवधिभीत्र सरोकारवालाहरुले प्रस्ताव पेश गर्नु पर्नेछ ।

ङ) मह उत्पादन तथा बजारीकरण सम्वन्धी प्राविधिक तालीमहरु आवश्यकता अनुसार व्यावसायिक कीट विकास निर्देशनालय र मौरी विकास शाखा कार्यालयहरु मार्फत सञ्चालन गरिने छ ।

च) नियमानुसार तोकीएको अनुदान सहुलियत अनुदान बाहेक मह र मौरीसंग सम्बन्धित उद्योग व्यावसाय सञ्चालन गर्नकोलागि आवश्यक पर्ने सम्पूर्ण पूर्वाधारको व्यवस्थागर्न आवश्यक पर्ने लगानी स्वंय सञ्चालकहरुबाट गर्नु पर्नेछ ।

छ) श्रोत केन्द्र स्थापनाको लागि प्रस्ताव पेश गरि कार्यक्रम शुरु गरेका फर्म उद्योगहरुले सरकारी दर रेट अनुसारको मूल्यमा मौरी रानु, मौरी गोला घार तथा मौरी उपकरणहरु उपलब्ध गराउनु पर्नेछ ।

ज) अनुसुची ७ अनुसारको कार्यक्रम कार्यान्वयन समितिबाट प्राप्त भएका योजनाहरुको प्रथामिकता क्रम निर्धारण गरि अनुदान प्रदान गरिने छ ।

### २.२.२ व्यावसायिक मह उत्पादन तथा मह निर्यात प्रवर्द्धन कार्यक्रमको आर्थिक पक्ष देहाय अनुसार हुनेछ ।

क) मह प्रशोधनसंग सम्वन्धीत औजार उपकरण तथा मौरी गोला सहितको घारमा ५० प्रतिशत अनुदान ।

ख) मौरीको रानु, मौरी घार र मौरी गोला उत्पादन श्रोत केन्द्र स्थापना गर्न आवश्यक पर्ने औजार उपकरण र अन्य सामाग्रीहरुमा ५० प्रतिशत वा एक पटकलाइ बढिमा रु १० लाख सम्मको अनुदान ।

ग) तोरी र अन्य मौरी चरन क्षेत्रमा मौरी घार स्थानान्तर तथा तोरी र अन्य मौरी चरन क्षेत्र विकास कार्यक्रमको लागी कृषकहरुलाई तोरीको बिउ, अन्य बोट बिरुवा, मलखादमा अनुदान शत प्रतिशत दिने।

घ) व्यावसायिक मौरीपालक कृषकहरुलाइ मौरीगोला घार वा आधारचाका एवं औजार उपकरणहरु मुल्य अनुदान दिदा व्यावसायीक कीट विकास निर्देशनालयबाट तोकेको श्रोत केन्द्रहरुबाट मात्र खरिद गर्न लगाई सम्बन्धीत श्रोत केन्द्रलाई भुक्तानी दिने। अनुदान पाउने कृषकहरुलाई नगद अनुदान नदिने।

ङ) सुचना प्रवाह गर्न लाग्ने खर्च सम्बन्धित कार्यक्रमबाटै गरिने छ।

## २.३. एपीटुरीजम कार्यक्रम

विदेशी पर्यटकहरुलाइ नेपालमा रहदा नेपालको मौलिकतामा उत्पादीत मह र मौरीजन्य सहउत्पादन सेवन गराई सन्तुष्टि दिनुका साथै विदेशी बजारमा नेपालको उत्पादनको माग होस भन्ने उदेश्यकासाथ यो कार्यक्रम सञ्चालन गरीनेछ। नेपाल व्यापार एकिकृत रणनिती २०१० अन्तर्गत मह समावेश हुनु र नेपालमा मह निकासी गर्न आवश्यक पर्ने मापदण्डहरु पुरा गर्ने एक्रीकेटेड प्रयोगशाला नहुनुले महको निकासी गर्न कठिनाइ भइ रहेको अवस्थामा नेपाल भ्रमणमा आएका विदेशी पाहुनहरुलाई नेपालको हावापानी र बनस्पतीहरुको पुष्परसबाट तयार भएको महलाइ तुरुन्तै घारबाट निकालेर चाका सहित सेवन गराउने र नेपाली महको पौष्टीक मात्र होइन मेडिकल भ्यालु पनि छ भन्ने सन्देश दिइ विश्व बजारमा नेपाली महको विशेषता बारे प्रचार प्रसार गर्ने यो कार्यक्रमको मुख्य उदेश्य रहेको छ। मौरीपालन केवल महको लागि मात्र होइन मौरीबाट प्राप्त हुने अन्य मौरीजन्य उत्पादनहरु जस्तै राजश्री खुराक, कुट, चोप र मैन समेतको प्रयोग बारे जन चेतना जागृत गर्ने र भविश्यमा एपी थेरापी सम्मका कार्यक्रमहरु पनि सञ्चालन गरि मौरीपालनकै माध्यमबाट स्वदेशी तजा विदेशी पर्यटकहरुलाइ आकर्षण गर्नु नै यो कार्यक्रमको लक्ष्य हुने छ।

## २.३.१ एपीटुरीजम कार्यक्रम सञ्चालन देहाय बमोजिम गरिने छ :

क) पर्यटकहरुको बढी आवातजावत गर्न सक्ने, यातायातको सुविधा भएको र मौरी चरनकोलागी प्राकृतिक तथा मानवनिर्मीत मौरी चरनको व्यवस्था भएको र सम्भव भए सम्म होम स्टेको समेत व्यवस्था भएको आधारमा एपीटुरीजम जिल्ला वा क्षेत्र निर्धारण गरिने छ।

ख) आवश्यक पूर्वाधार भएको र मौरीपालनको लागि सम्भावना भएका जिल्लाहरुहरुमा एपी टुरीजम सञ्चालन गर्न इन्छुक व्यवसायी वा समुहहरुलाइ सुचना प्रकाशन गरी निवेदन दिनको लागि आव्हान गरिने छ।

ग) यो कार्यक्रम व्यवसायिक कीट विकास निर्देशनालय वा मौरी विकास कार्यलयहरुबाट सञ्चालन हुने छ।

घ) यो कार्यक्रम सञ्चालन गर्ने व्यवसायी वा समुहले मौरीघार राख्ने ठाउको वरीपरी वा एक की मी को दुरीसम्म भए पनि पहाडमा भए कम्तीमा पनि ५ रोपनी र तराइमा भए १ विघा जमिनमा मौरी चरनलाइ उपयुक्त हुने मौसम अनुसारका वाली वा फुलका बोट बिरुवाहरु लगाउनु पर्ने छ।

ङ) अनुसुची १ अनुसारको आवेदन दिने व्यक्ती वा समुहहरुको छनौट अनुसुची .७. अनुसारको कार्यान्वयन समितीले गर्ने छ

## २.३.२ एपीटुरीजम कार्यक्रम सञ्चालनको आर्थीक पक्ष निम्नानुसार हुने छ :

व्यावसायिक कीट विकास निर्देशनालय वा मौरीपालन विकास कार्यालयहरुले स्वीकृत कार्यक्रमको आधारमा निम्न शिर्षकहरुमा खर्च गर्ने लागत अनुमान तयार गरि सोही अनुसार खर्च गर्ने गराउने व्यवस्था मिलाइने छ।

क. एपी टुरीजम पकेट क्षेत्रको सम्भाव्यता अध्ययन तथा प्रचार प्रसार गर्न आवश्यक पर्ने खर्चहरु।

ख. एपी टुरीजम पकेट क्षेत्र स्थापनाको लागी कम्तीमा पनि ५० वटा घार गोला र मौरीपालन उपकरणहरु सहितको सेटमा स्थानीय दर रेट अनुसारको मूल्यको पहिलो पटक ९० प्रतिशत मूल्य छुटमा सामान उपलब्ध गराउदा लाग्ने खर्चहरु।

ग. एपी टुरीजम पकेट क्षेत्र निर्धारण गर्दा आवेदन छनौट गर्दा जाने छनौट समिती तथा सम्भाव्यता अध्ययन र प्राविधिक सेवा टेवा दिन बर्षमा कम्तीमा पनी ४ पटक अनुगमन गर्न जाने विषय विशेषज्ञको नियमानुसारको दै.भ. तथा दै भ्र.भ का खर्चहरु ।

घ. सुचना प्रकाशन ,होडिग बोर्ड तथा अन्य भैपरी आउने खर्चहरु ।

## २.४. सामुदायीक वा कबुलियत वनसँगको सहकार्यमा विपन्न बर्ग लक्षित मौरीपालन विकास कार्यक्रम सञ्चालन

नेपालमा मौरी चरनको मुख्य श्रोत भनेकै प्राकृतिक बन जगल नै हो । मौरीचरनको मुख्य श्रोतको रुपमा रहेका सामुदायीक वा कबुलियत बनजङ्गलहरुका उपभोक्ताहरुलाई वनबाट अतिरिक्त आम्दानी लिन र सामुदायीक बनहरुमा मौरीको लागी उपयुक्त हुने बोट बिरुवाहरु रोपण गर्दै मौरी चरनको विस्तार र संरक्षण बन उपभोक्ताहरुबाटै गर्न उत्प्रेरित गराउने उदेश्यकासाथ यो कार्यक्रम सञ्चालन गरिने छ । आ.ब २०७३।०७४ मा नमूनाको रुपमा ३ जिल्लामा सञ्चालन गरि आगामी आ ब हरुबाट सम्भाव्यताको आधारमा मौरीपालन विकास शाखा कार्यालय तथा जिल्ला कृषि विकास कार्यालयहरु मार्फत सञ्चालन गर्दै लगिने छ ।

### २.४.१ यो कार्यक्रम सञ्चालनको प्रकृया निम्नानुसार हुने छ :

क) प्राकृतिक रुपमा मौरीचरन उपलब्ध हुन सक्ने सामुदायिक वा कबुलियत बन भएका र उपभोक्ताको रुपमा विपन्न वर्गका समुदायहरु रहेका क्षेत्रका जिल्लाहरु कार्यक्रम प्रस्तावका समयमै जिल्ला विशेष तोकी या जिल्ला विशेष नतोकीए पनि सम्भाव्य जिल्ला वा क्षेत्रहरुलाइ आधार मानी कार्यक्रम योजना प्रस्ताव गरिने छ ।

ख) यो कार्यक्रम व्यवसायीक कीट विकास निर्देशनालय वा मौरीपालन विकास कार्यालयहरु मार्फत सञ्चालन हुने छ ।

ग) कार्यक्रम सञ्चालन गर्नु पूर्व सम्बन्धित जिल्लाहरुका जिल्ला बन कार्यालयहरुसंग समन्वय गरी सरोकारवालाहरु समेतको सलग्नतामा २ वटा अन्तरकृया गोष्ठी सञ्चालन गरिने छ ।

घ) यदि गोष्ठीबाट जिल्लामा मौरीपालनको लागी उपयुक्त सहमतीको आधारमा १ माात्र समुह निर्णय भएमा सोही समुह मार्फत कार्य प्रारम्भ गर्ने र २ वा २ भन्दा बढि सामुदायिक वा कबुलियत बन उपभोक्ता समुहहरु इच्छुक भएमा ७ दिनको समयावधि राखी सम्बन्धित जिल्ला वन कार्यालयमा नै आवेदनकोलागी सुचना टाँस गरिने छ ।

ङ) आवेदन दिने समुहहरु मध्ये लक्ष्य अनुसारका समुह छनौट तथा कार्यान्वयन अनुसुची ७. अनुसारको कार्यक्रम कार्यान्वयन समिती गठन गरिने छ । सो समितिले नै समुह छनौट तथा कार्याक्रम कार्यान्वयनमा सहयोग गर्ने छ

च) न्युन आय भएका र महिला उपभोक्तहरु समावेश रहेको समुहलाइ प्रथामिकता दिइने छ ।

### २.४.२ सामुदायिक वा कबुलियत बनसंगको सहकार्यमा विपन्न वर्ग लक्षित मौरीपालन विकास कार्यक्रम सञ्चालनको आर्थिक पक्ष निम्नानुसार हुने छ ।

क. छनौट भएका बन उपभोक्ता समुहहरुलाइ नगद अनुदान नदीइ मौरी गोला घार, आधारचाका र अन्य उपकरणहरु अनुसुची १८ अनुसारका मापदण्ड पुरा गरेका श्रोत केन्द्रबाट उपलब्ध हुने व्यावस्था मिलाइने र मौरी घारगोला, आधारचाका, स्टेण्ड र उपकरणहरुको मुल्य अनुदान सम्बन्धीत श्रोत केन्द्रलाइ नै मूल्यमा अनुदान प्रदान गरिने हुदा कुनै पनि टेण्डर प्रकृयाबाट सामान खरिद गरिने छैन ।

ख. मौरी चरन क्षेत्र विस्तारकोलागी आवश्यक पर्ने फुल वा च्युरीका बोट बिरुवा उत्पादन गर्न आवश्यक पर्ने नर्सरी स्थापनाको लागी रु. ५००००।- सम्बन्धीत उपभोक्ता समितीलाइ उपलब्ध गराइने छ ।

ग. गोष्ठी तथा तालीम सञ्चालन गर्दा लाग्ने खर्च निर्देशनालयबाटै भुक्तानी हुने व्यावस्था मिलाइने छ ।

घ. कार्यक्रमको विस्तृत खर्च विवरण अनुसुची.८मा उल्लेख गरिएको छ ।

## २.५ गुणस्तर रानु उत्पादन कार्यक्रम

मौरीको गोला मजबुत हुनु नहुनु र स्वास्थ्य एवं गुणस्तरीय गोला हुनु नहुनुमा रानु मौरीले प्रमुख भूमिका खेलेको हुन्छ । खास गरि विदेशबाट आयतित मेलिफेरा जातको मौरीको रानुको गुणस्तर कायम गर्न नसक्दा मौरीपालक कृषकहरुको मह उत्पादनमा दिनानुदिन ह्रास हुँदै आइ रहेको गुनासो आएकोले सरकारी स्तरबाटै गुणस्तर रानु उत्पादन गरी कृषकहरुलाइ वितरण गर्ने उदेश्यले यो कार्यक्रम सञ्चालन गरिने छ ।

**२.५.१.यो कार्यक्रम निम्नानुसार सञ्चालन गरिने छ ।**

क) यो कार्यक्रम मौरीपालन विकास शाखा कार्यालयहरुले सञ्चालन गर्ने छन ।

ख) मेलिफेराको हकमा मौरीको आमा गोलाहरु छनौट गर्दा सकभर भाले र रानु छुट्टा छुट्टै क्षेत्रबाट समायोजन गर्ने गरी गरिने छ ।

ग) फर्म केन्द्रहरुमा आमा गोला व्यावस्थापन गर्न नसकेमा मौरीपालनमा लामो अनुभव हासिल गरेका र विगत बर्षहरुमा पनि श्रोत केन्द्रको रुपमा रानु उत्पादन गरी घार गोला विक्री वितरण गरेका अनुभवी व्यवसायीक मौरीपालकहरुलाई स्थान विशेष तोकी ७ दिनको अवधि राखी सुचना प्रवाह गरी आवेदन आव्हान गरिने छ । निर्धारीत समयावधि भित्र आवेदन दिने व्यवसायीहरुको छनौट गरि रानु उत्पादन गर्ने जिम्मेवारी दिन सकिने छ । तर यस्ता निजी एपीयरीहरुमा रानु उत्पादनको समयमा प्राविधीकहरुको नियमीत निगरानी राख्नु पर्नेछ । सेरेना मौरीको हकमा नेपालमा पाइने सेरेना मौरीका विभिन्न प्रजातीहरुबाट क्रस गराई गुणस्तरीय रानु उत्पादन गरिने छ ।

घ) सरकारी फर्म वा सरकारी फर्मको अनुदानमा उत्पादीत रानुहरु निम्नतम राजश्व शुल्क लिई मौरीपालक कृषकहरुलाइ वितरण गरिने छ । रानु उत्पादन गर्नु अगावै मौरीपालक कृषक समुह, व्यवासायी वा जिल्ला कृषि विकास कार्यालयहरु मार्फत अग्रीम रानुको माग संकलन गरिने छ ।

ङ) रानु उत्पादन गर्नको लागि श्रोत केन्द्रको पूर्वाधार भएका फर्म वा व्यवसायीहरुले मौरीपालन विकास शाखा कार्यालयहरुमा रानु उत्पादन श्रोत केन्द्र दर्ता गराएर दर्ता भएका श्रोत केन्द्रमा मौरी विषय विशेषज्ञहरुबाट गुणस्तर प्रमाणित गराएर मात्र रानु उत्पादन तथा विक्री वितरण गर्न पाउने छन ।

च) निजी क्षेत्रलाई रानु उत्पादन गर्न एपीयरीको छनौट अनुसुची ७ अनुसारको समितीबाट गरिने छ :

**२.५.२ गुणस्तरीय रानु उत्पादनको आर्थिक पक्ष निम्नानुसार हुनेछ :**

**२.५.२.१ सरकारी मौरी फर्म केन्द्रमा** लक्ष्य अनुसारका मौरी रानु उत्पादन तथा वितरण गर्दा अनुसुची.१३ अनुसारको शिर्षकहरुलाई आधार मानी तोकीएको लक्ष्य र विनीयोजीत बजेटको आधारा लागत अनुमान तयार गरी व्यावसायिक कीट विकास निर्देशनालयबाट स्विकृत गराइ खर्च गर्ने गराइने छ । :

**२.५.२.२ निजी क्षेत्र** सरकारी फर्म केन्द्रमा लक्ष्य अनुसारको रानु उत्पादन गर्न नसकी नीजी एपीयरीहरुलाइ रानु उत्पादन गर्न दिनुपर्ने अवस्थामा प्रति १००० वटा रानु उत्पादन गर्न तपसील अनुसारको अनुदान रकम कार्य प्रगतिको आधारमा पहिलो पटक बढीमा ५० प्रतिशत र बांकी रकम सम्बन्धीत कार्यालय वा व्यावसायिक कीट विकास निर्देशनालयका प्राविधिकद्वारा कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात भुक्तानी गरीनेछ ।

| क.सं. | कार्य विवरण | निर्देशनालयले व्यहोर्ने बढिमा | कृषक /व्यावसायीले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|
| १ | निजी क्षेत्रबाट १००० वटा गुणस्तर रानु उत्पादन गरी सम्बन्धित कार्यालयसम्म ढुवानी गर्दा लाग्ने खर्चमा अनुदान | रु.४,२५,०००। | कम्तीमा पनि कुल लागतको १५ प्रतिशत | |
| २ | अनुदान ग्राहीहरुको मूल्याकन समिती र अनुगमन गर्ने प्राविधिकहरुको दै.भ. तथा दै.भ्र. भ | ७५,०००। | | |
| | जम्मा | ५,००,०००। | कुल लागतको कम्तीमा १५ प्रतिशत | |

## २.६.मौरी क्लीनीक सञ्चालन (बी क्लिनिक)

मौरीमा रोग, किरा र अन्य समस्याहरुको कारणहरुले गर्दा मह उत्पादनमा बर्षेनी २० % सम्म ह्रास भएको पाइएको छ । कृषकहरुले मौरीमा देखापर्ने समस्याहरुको सहि उपचार प्राप्त गर्न सकिरहेका छैनन् । तसर्थ एउटा परिक्षण तथा सत्य तथ्यमा आधारित गुणस्तरिय एवं भरपर्दो मौरी उपचार पद्धतिको आवश्यकता टड्कारो छ जसको समाधान भनेको मौरी उपचार शिबिर (बी क्लिनिक) नै हो । मौरी उपचार शिबिर एउटा यस्तो थलो हो जहाँ कृषकहरुले आफ्नो मौरीमा लागेका रोग, किरा तथा अन्य समस्याको समस्याग्रस्त गोला घार र मौरी फ्रेमको नमूना शिबिरमा ल्याई मौरी उपचार विशेषज्ञहरुबाट समस्या पहिचान तथा समाधानका उपायहरु बारे सल्लाह प्राप्त गर्दछन् ।नियमित मौरी उपचार शिबिर निश्चित स्थानमा नियमित रुपमा आवश्यकता अनुसार एक हप्ता वा १५ दिन वा महिनाको १ पटक वा खास मौरीको समस्यायूक्त समयमा संचालन गरिन्छ भने घुम्ती मौरी उपचार शिबिर मौरी चरनको क्षेत्रहरुको समस्याको आधारमा घुम्ति रुपमा संचालन गर्न सकिन्छ ।

### २.६.१ कार्य सञ्चालन प्रकृया

क। जिल्लाका मौरीपालन पकेट क्षेत्र वा मौरी चरन पकेट क्षेत्रलाई समेट्ने गरी समस्या देखिएका क्षेत्र तथा रसायनिक औषधीको अत्याधिक प्रयोग भइरहेको क्षेत्रलाई सम्बोधन गर्ने गरी धेरै भन्दा धेरै कृषकलाई सहभागि बनाउन पाएक पर्ने ठाउँमा मौरी उपचार शिबिर संचालन गर्नुपर्दछ ।

ख) मौरी उपचार शिबिर संचालन हुने मिति, स्थान र समयको बारेमा कृषकलाई उपयुक्त माध्यमबाट समय मै जानकारी दिनु पर्नेछ

ग। कृषकले ल्याएको बालीको नमूना र कृषकसंग लिइएको जानकारीका आधारमा समस्या पहिचान गरी समाधानका उपायहरु कृषकले बुझ्ने गरी लिखित रुपमा कृषकलाई उपलब्ध गराउनु पर्नेछ । उक्त दिन मौरी नमूनाको समस्या पहिचान हुन नसकेमा यथासक्य छिटो उपयूक्त निकायमा नमूना पठाई समस्याको पहिँचान गराई सम्बन्धित कृषकलाई मौरी व्यवस्थापनका उपायहरु संबन्धमा यथासक्य छिटो जानकारी गराउने व्यवस्था गर्नु पर्नेछ ।

घ) मौरी उपचार शिबिर संचालन अवधि १ दिनको हुने छ ।

ङ) मौरी उपचार शिबिर मौरी विज्ञ वा मौरी उपचार विशेषज्ञ (बी क्लिनिक बिशेषज्ञ) वा तालिम प्राप्त प्राबिधिकको प्रत्यक्ष संलग्नतामा गर्नु पर्नेछ ।

च) जिल्लामा अन्य संघ/संस्था/निकायबाट यस प्रकारको मौरी उपचार शिबिर संचालन गर्नु पर्ने भएमा अनिवार्य रुपमा संबन्धित क्षेत्रको मौरीपालन विकास कार्यालयसंगको समन्वयमा संचालन गर्नु पर्ने छ ।

छ) मौरी उपचार शिबिर संचालन गरिएका क्षेत्रबाट बार्षिक रुपमा शिबिर संचालन स्थान, नमुना संकलन गरिएको क्षेत्र, देखिएको समस्याहरु र प्रदान गरिएका सुझावहरु उल्लेखित प्रतिबेदन व्यावसायीक कीट विकास निर्देशनालयमा पठाउने ब्यबस्था गर्नु पर्ने छ

**२.६.२ आर्थिक पक्षः** मौरी उपचार शिवीर कार्यक्रमको लक्ष्य भएका फर्म केन्द्रहरुले अनुसुची..१४ अनुसारको शिर्षकहरुलाई आधार मानी तोकीएको लक्ष्य र विनीयोजीत बजेटको आधारा लागत अनुमान तयार गरी व्यावसायिक कीट विकास निर्देशनालयबाट स्विकृत गराइ खर्च गर्ने गराइने छ ।

## २.७. European Foul Brood (E F B) व्यवस्थापन

मौरीपालनले व्यवशायीक रुप लिदै गइ रहेकोले यस व्यवसायमा पनि विभीन्न रोग तथा समस्याहरु देखा पर्नु कुनै नौलो कुरा होइन । मौरीमा व्याक्टेरीयाबाट मौरीको लार्भा अवस्थमा लाग्ने यो रोग निकै खतरनाक रुपमा देखिन्छ । यो रोगबाट मौरीपालकहरुलाई सचेत गराइ यसको नियन्त्रण र रोकथाम गर्नु नै यस कार्यक्रमको मुख्य उदेश्य रहेको छ ।

### २.७.१ कार्यक्रम सञ्चालन कार्यविधी

क. यो कार्यक्रम मौरीपालकहरुको पकेट क्षेत्रमा गइ सञ्चालन गरिने छ ।

ख. सर्व प्रथम रोगी घार गोलाहरुको पहिचान गरि रोगी गोला छनौट गरिने छ ।

ग. रोग लागेका घार गोलाहरुमा रोग नियन्त्रण र रोकथामका विभीन्न प्रकारका उपायहरुको अवलम्बन गरिने छ ।

घ. कम्तीमा पनि ८ पटक सम्म हप्ताको १ पटक घार गोला निरीक्षण गरि सो को निरीक्षण प्रतिवेदन तयार गरि व्यवसायिक कीट विकास निर्देशनालयमा पठाउनु पर्ने छ ।

**२.७.२ आर्थिक पक्षः** यो कार्यक्रमको लक्ष्य भएका फर्म केन्द्रहरुले अनुसुची १५ अनुसारको शिर्षकहरुलाई आधार मानी तोकीएको लक्ष्य र विनीयोजीत बजेटको आधारा लागत अनुमान तयार गरी व्यावसायिक कीट विकास निर्देशनालयबाट स्विकृत गराइ खर्च गर्ने गराइने छ ।

## २.८.सुलसुले (Mites ) व्यवस्थापन अभियान

मौरीको अनुपयुक्त मोसम र कमजोर गोला भएको अवस्थमा खास गरि मेलिफेरा जातको मौरीमा विभिन्न जातका सुलसुले दुख दिने गर्दछन । यो समस्याबाट छुटकारा पाउन र मौरीलाइ असर पार्ने योपरजीवी हो नियन्त्रण गर्ने उदेश्यले यो कार्यक्र सञ्चालन गरिने छ

### २.८.१ कार्यक्रम सञ्चालन प्रकृया :

क) जिल्लाका मौरीपालन पकेट क्षेत्र वा मौरी चरन पकेट क्षेत्रलाई समेट्ने गरी सुलसुले समस्या देखिएका क्षेत्र तथा रसायनिक औषधीको अत्याधिक प्रयोग भइरहेको क्षेत्रलाई सम्बोधन गर्ने गरी धेरै भन्दा धेरै कृषकलाई सहभागि बनाउन पाएक पर्ने ठाउंमा मौरी उपचार शिबिर संचालन गर्नुपर्दछ ।

ख) मौरी उपचार शिबिर संचालन हुने मिति, स्थान र समयको बारेमा कृषकलाई उपयुक्त माध्यमबाट समय मै जानकारी दिनु पर्नेछ

ग) माइट व्यवस्थापन शिबिर संचालन अवधि १ दिनको हुने छ ।

घ) माइट व्यवस्थापन शिबिर मा सहभागी हुने कृषकहरुले दैनिक भ्रमण भत्ता, होटल बास खर्च र खाजा खर्च पाउने छैनन् साथै यस कार्यक्रममा कृषकवाट शुल्क लिने व्यवस्था हुने छैन ।

ङ.) यो अभियान मौरी विज्ञ, बिशेषज्ञ (बी क्लिनिक बिशेषज्ञ) वा तालिम प्राप्त प्राविधिक को प्रत्यक्ष संलग्नतामा गर्नु पर्नेछ ।

च) जिल्लामा अन्य संघ/संस्था/निकायवाट यस प्रकारको मौरी अभियान संचालन गर्नु पर्ने भएमा अनीवार्य रुपमा संवन्धित क्षेत्रको मौरीपालन विकास कार्यालयसंगको समन्वयमा संचालन गर्नु पर्ने छ ।

छ) मौरी उपचार शिबिर संचालन गरिएका क्षेत्रवाट बार्पिक रुपमा शिबिर संचालन स्थान, नमुना संकलन गरिएको क्षेत्र, देखिएको समस्याहरु र प्रदान गरिएका सुझावहरु उल्लेखित प्रतिबेदन व्यावसायीक कीट विकास निर्देशनालयमा पठाउने ब्यबस्था गर्नु पर्नेछ

**२.८.२ आर्थिक पक्षः** यो कार्यक्रमको लक्ष्य भएका फर्म केन्द्रहरुले अनुसुची १६ अनुसारको शिर्षकहरुलाई आधार मानी तोकीएको लक्ष्य र विनीयोजीत बजेटको आधारा लागत अनुमान तयार गरि व्यावसायिक कीट विकास निर्देशनालयबाट स्विकृत गराइ खर्च गर्ने गराइने छ ।

## २.९ च्युरीको विरुवा उत्पादन तथा वितरण

मौरपिालनलाइ आधुनिक र व्यवसायीक बनाउन मौरपािलन क्षेत्रमा विभीन्न सरकारी तथा गैर सरकारी सघ सस्थाहरुले मौरीगोला घार मौरी उपकरणहरु वितरण गरेमा पनि मौरीको चरनबारे कही कतैबाट सोचेको पाइएन । यदि समयमै यसबारे नसोच्ने हो भने भविश्यका मौरीको विकास रोकीने छ र हाल कायम भएका मौरीहरुले पनि आवश्यक चरन प्राप्त नगरी उत्पादन दिन सक्ने छैनन । यसै कुरालाई मध्यनजर गर्दै मौरी चरनको क्षेत्र विस्तार गर्दै लैजाने उदेश्यका साथ यो कार्यक्रम सञ्चालन गरीने छ ।

### २.९.१ च्युरीको विरुवा उत्पादन तथा वितरण कार्यविधी :

क. यो कार्यक्रम मौरीपालन विकास कार्यालयहरुले सञ्चालन गर्ने छन् ।

ख. निश्चीत सख्यामा लक्ष्य राखी सोही अनुसारको जमिन तयारी तथा आवश्यक च्युरीको विउ संकलन गरिने छ ।

ग. च्युरीको विउ सकलन गर्दा सकभर नेपालको विभीन्न क्षेत्रमा पाइने च्युरीका जातहरुको सकलन गरी सोही अनुसार छुट्टा छुट्टै नर्सरी राखी सोही अनुसार विक्री वितरण गरिनेछ ।

घ. मौरी फर्ममा च्युरीका विरुवा तयार भए पछि विभिन्न माध्यबाट यसको प्रचार प्रसार गरि विरुवाको माग सकलन गरिने छ ।

ङ. सामुदायिक वन उपभोक्ता समुहहरुले सामूहिक रुपमा लगाउने गरी च्युरी विरुवाको माग गरेमा पहिलो प्रथामिकता दिई विरुवा उपलब्ध गराईने छ ।

च. साधारणतया विरुवा वितरण गर्दा प्रति विरुवा कम्तीमा पनि रु. २ राजश्व लिइ उपलब्ध गराइने छ । तर चेपाग, राउटे जस्त सिमान्त बर्गका कृषक समुहहरले एक पटकम एकै ठाउमा १ हजार भन्दा बढि च्युरीको विरुवा लगाउन माग गरेमा निशुल्क उपलब्ध गराइने छ ।

छ. च्युरीको विरुवा वितरण गर्ने क्षेत्रमा कम्तीमा पनि १ दिने स्थलगत तालीम प्रदान गरिने छ ।

**२.९.२ च्युरी विरुवा उत्पादन कार्यक्रमको आर्थिक पक्ष** :च्युरीको विरुवा उत्पादन तथा वितरण लक्ष्य भएका फर्म केन्द्रहरुले तपसिल अनुसारको शिर्षकहरुलाई आधार मानी तोकीएको लक्ष्य र विनीयोजीत बजेटको आधार लागत अनुमान तयार गरि व्यावसायिक कीट विकास निर्देशनालयबाट स्विकृत गराइ खर्च गर्ने गराइने छ ।

क) एक बर्षमा ५० हजार च्युरी विरुवा उत्पादन गर्न (नर्सरीको लागि जग्गा तयारी देखी कीम्बु विरुवा विक्री वितरण गर्ने समय सम्म) ६ महिने अवधिमा २०० जना ज्यामीको स्थानिय दर रेट अनुसारको ज्याला फर्म केन्द्रहरु मार्फत भुक्तानी दिने

ख) ५० हजार विरुवा उत्पादनको लागि आवश्यक पर्ने कम्पोष्ट मल ३० मे.ट. डी.ए.पी १८ के.जी., युरिया ११ के.जी, म्यरीट अफ पोटास ९ केजी मलखादको स्थानिय दर रेट अनुसार लाग्ने खर्चहरु विरुवा उत्पादन कार्यक्रम बजेटमा समवेश गर्ने ।

ग) मल तथा च्युरी विउ ढुवानी गर्दा लाग्ने स्थानीय दररेट अनुसारका खर्चहरु ।

घ) च्युरीको विउ सकलन गर्न जाने प्राविधिक कर्मचारीहरुको नियमानुसारको दै भ तथा दै भ्र भत्ता । तर वीउ तथा मल ढुवानी गर्न भाडामा सवारी साधन लिएको अवस्थामा दै. भ्र. भ. भुक्तानी हुने छैन ।

ङ) मौरी फर्म केन्द्रमा उत्पादीत च्युरीका विरुवाहरु माग गरेको सम्बन्धित क्षेत्रसम्म ढुवानी गरि लैजादा लाग्ने सम्पूर्ण खर्चहरु सम्बन्धित कार्यालयहरुबाट भुक्तानी दिइने छ ।

च) च्युरी विरुवा वितरणको क्रममा कम्तीमा पनि १ दिने स्थलगत तालीम सञ्चालन गरी नियमानुसारको खर्च भएको रकम च्युरी विरुवा वितरण कार्यक्रमबाट व्यहोरिने छ ।

**२.१० मौरी चरन क्षेत्रको सर्वेक्षण :**

नेपालका प्राकृतिक बन जगलमा रहेका मौरीका चरन र त्यस क्षेत्रमा मौरीपालनको लागि लगाईने बालीहरुबाट बर्षमा के कति मौरी गोलाहरुलाई के कति समयसम्म राखेर मह उत्पादन गर्न सकिन्छ भन्ने आधिकारीक आकडा लिइे कुन क्षेत्रमा के कति संख्यामा मौरीका घार गोला वितरण गर्न सकिन्छ भन्ने अनुमान गर्नको लागि यो कार्यक्रम सञ्चालन गरिन्छ । मौरी संग सम्बन्धीत विभीन्न निकायहरुबाट आ आफनै तरिकाबाट मौरीका घार गोलाहरु वितरण गर्नाले स्थानीयस्तरमा रहेका मौरीहरुको चरनका अभावले ह्रास हुदै गएको भन्ने गुनासो आउने गरेकोले चरनको सम्भाव्यताका आधारमा मौरी घारगोला वितरण गर्न र मौरी स्थानान्तर गर्न सुझाव दिन सहज गराउने उदेश्यले यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

**२.१०.१ यो कार्यक्रमको सञ्चालन कार्यविधी निम्नानुसार हुनेछ ।**

क) यो कार्यक्रम व्यावसायिक कीट विकास निर्देशनालय वा मौरीपालन विकाश कार्यालयहरुले सञ्चालन गर्ने छन् ।

ख) यो कार्यक्रम तराइ पहाड र उच्च पहाडको प्रतिनीधीत्व हुने गरि प्रत्येक क्षेत्रबाट ३।३ जिल्लाको छनौट गर्न सम्बन्धित क्षेत्रका क्षेत्रीय कृषि निर्देशनालयहरुलाई अनुरोध गरी पठाईने छ ।

ग) क्षेत्रीय कृषि निर्देशनालयबाट छनौट भई आएका जिल्लाहरुमा मौरी क्षेत्रको सर्भेक्षण गर्ने टोली गएर सम्बन्धित जिल्लाका जिल्ला कृषि विकास कार्यालय, जिल्ला विकास समिती र जिल्ला बन कार्यालयहरु तथा वन उपभोक्ताहरु समेतको सहयोग र समन्वयमा मौरी चरनको तथ्याङ्क अध्यावधिक गरी मौरी चरन क्षेत्र सर्भेक्षण प्रकाशन गरिने छ ।

घ) मौरी चरन क्षेत्रको सर्भेक्षण टोलीमा निम्नानुसारका पदाधिकारीहरु सहभागी हुने छन्

| | |
|---|---|
| व्यावसायिक कीट विकास निर्देशनालयका वरिष्ठ अधिकृत | सयोजक |
| सम्वन्धीत क्षेत्रीय कृषि निर्देशनालयका वरिष्ठ वाली संरक्षण अधिकृत वा प्रतिनिधी | सदस्य |
| सम्वन्धीत जिल्लाका वाली सरक्षण अधिकृत वा प्रतिनीधी | सदस्य |
| सम्बन्धित जिल्ला वन कार्यलयका प्रतिनिधी | सदस्य |
| व्यावसायीक कीट विकास निर्देशनालयका योजना/तथ्याक हेर्ने अधिकृत | सदस्य सचिव |

## २.११ मौरीपालन कृषक पाठशाला सञ्चालन

मौरीपालनवाट न्युन आय भएका पिछडिएका कृषकहरुले प्रशस्त लाभ लिन सक्ने संभावनालाई मध्यनजर गरी व्यावसायिक किट विकास निर्देशनालय हरिहरभवनको आ.व. २०७३/०७४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार मौरीमा आई.पि.एम कृषक पाठशाला संचालन गर्ने उद्देश्य राखिएको छ । मौरीपालनलाई आयआर्जनको माध्यम बनाउन उनीहरुमा प्रविधि, ज्ञान र शीपको अभाब रहेको पाइएकोले मौरीपालन क्षेत्रको पर्यावरणबारे राम्रो जानकारी गराई व्यवस्थापन पक्षमा सही निर्णय लिन सक्ने तुल्याउन कृषक पाठशाला एक सशक्त माध्यम सावित भएको छ । उनीहरुले मौरीपालन व्यवसाय संचालन तथा व्यवस्थापनमा सही निर्णय लिन सकेमा मह र महजन्य उत्पादनमा बृद्धि ल्याउन सक्ने भएकोले कार्यक्रम संचालन गर्न यो संचालन विधि तय गरिएको छ । नेपालमा Residue Momitoring Plan ( RMP) को प्रयोग संगै असल मौरीपानलन अभ्यास लागू गर्ने क्रमसंगै मौरीपालन कृषक पाठशालाको अवधारणालई प्रवेश गरायो । यसले समूहमा बस्ने समस्याको पहिचान गर्ने र समूह छलफलद्वारा उपयुक्त निकास खोजी समाधानको व्यवस्था गर्ने परिपाटीको विकास गऱ्यो । कृषक पाठशालाको माध्यमद्वारा नै किसानहरुको बीचमा नया प्रविधिको सन्देश बाड्दै एक आपस वीच छलफलद्वारा नै निर्धारित लक्ष तय गर्ने परम्परा बस्यो । जसको फलस्वरुप मौरी कृषक पाठशाला भनेको २० देखि २५ जना महिला एवं पुरुष कृषकहरुको समूह हो, जसलाई कक्षा भित्र पठन पाठन गराउनुको साटो Apiary लगी व्यवहारिक, प्रयोगात्मक र खोजपूर्ण तरिकाहरु अपनाई मौरीघारको नियमित रुपले वातावरण प्रणालीको अवलोकन विश्लेषण र समूह छलफलको आधारमा आफुआफैले ठोस निर्णय लिएर तत्काल आएका समस्याहरुको समाधान गर्न सक्ने दक्ष बनाइन्छ ।

### २.११.१ मौरीपालन कृषक पाठशालाक सिद्धान्तहरु

क) असल मौरीपालन अभ्यासको प्रयोग (Use of Good Beekeeping Practice)
असल मौरीपालन अभ्यासको माध्यमवाट गुणस्तर मह तथा मौरी उत्पादन गरी आम्दानी बढाउनु ।

ख) मौरीहरुको सुरक्षा गर्नु : -(Conserve Honey Bees)
आफ्नो Apiary मा मौरीहरुलाई नाश गर्ने उपायहरुको पहिचान गरी सुरक्षा गर्न सक्नु घरेलु उपायहहरुबाट कतिसम्म शत्रु-जीव भएता पनि उतपादनमा ह्रास नआउने तथ्य पहिचान गर्न कृषक स्वयं सक्षम हुने ।

ग) मौराका घारहरुको नियमित रुपले अवलोकन गर्नु (Observe Bee hive regularly)
सही व्यवस्थापनको लागि कृषकले आफ्नो मौरी घारहरुको नियमित रुपले अवलोकन गर्ने बानीको विकास गर्नु ।

घ) कृषकलाईनै दक्ष बनाउनु (Farmers become exepert)

मौरीघार वरपरको वातावरण प्रणालीको विश्लेषण गर्दा र आफुले नियमित रुपले अवलोकन गर्दा भेटिएका समस्याहरु छलफलद्वारा सही व्यवस्थापन गर्न लिइएका निर्णयहरुले कृषक स्वयंलाई दक्ष बनाउन सघाउ पुऱ्याउने।

### २.११.२ मौरीपालनकृषक पाठशाला संचालन प्रकृया

१. कृषक पाठशाला समुह गठन ( २५ जना कृषक रहने गरि एक कृषक पाठशाला गठन गरिनेछ )

२. तयारी बैठक: कृषक पाठशाला संचालन गर्नु पूर्व ३ वटा तयारी बैठक संचालन गरिनेछ।

(क) प्रारम्भीक बैठक : सहभागि संख्या ४० जना, विषयवस्तु- कार्यक्रमको उद्देश्य बारे जानकारी र पाठशाला संचालन स्थान तथा मौरीपालन कृषक पाठशालाको सञ्चालन प्रक्रिया, विधि तथा स्थानीय सहभागी, समाजसेवीहरु राजनीतिक दल तथा स्थानीय संघ संस्थाको दायित्व कर्तव्य एवं प्रतिवद्धता बारे छलफल

(ख) दोश्रो बैठक : मौरीपालनमा लैङ्गिक तथा समाबेशी विश्लेषण, मौरीपालन पात्रो तयारी , कृषक पाठशालाको नामाकरण र उप-समुह गठन तथा नामाकरण।

(ग) तेश्रो बैठक :- कृषक पाठशालामा गरिने परिक्षणहरु र पाठ्यक्रम बारे छलफल।

### २.११.३ परिक्षणहरु संचालन

पाठशाला सञ्चालन गर्दा अनुसुची ११ अनुसारका कृषक तरीका र असल मौरीपालन अभ्यासको तुलनात्मक अध्ययन, सुलसुले व्यवस्थापन, बिषादीको असर र परागसेचनको अध्ययन जस्ता परिक्षणहरु सञ्चालन गरिने छ।

### २.११.५ आर्थिक पक्ष

एक चरन बालीमा मौरीपालन कृषक पाठशालाको आर्थीक पक्ष अनुसुची १० अनुसार हुनेछ।

## २.१२. निजी क्षेत्रमा च्याउको कल्चर सरक्षण गर्ने ल्यावको स्थापना :

नेपालमा च्याउखेतकिो विकास र विस्तार द्रुतगतिमा भइ रहेको अवस्थामा च्याउखेती गर्न आवश्यक पर्ने गुणस्तर विउको अभावमा कृषकहरु मारमा परि रहेको र च्याउ विउ उत्पादन गर्ने निजी व्यवसायीहरु प्रशस्त भएता पनि ती विउ उत्पादक कृषकले पनि च्याउ विउ उत्पादन गर्न आवश्यक पर्ने मदर कल्चर समयम प्राप्त गर्न नसकेको कारण यनतेन पुरानै कल्चरको प्रयोग गर्ने गरेकोले सो समस्यालाइ हल गर्न निजी स्तरमा च्याउको कल्चर सकलन र सरक्षण गरि च्याउ विउ उत्पादन गर्ने व्यावसायीलाइ उपलब्ध गराउने उदेश्यका साथ यो कार्यक्रम सञ्चालन गरीन्छ।

### २.१२.१ यो अनुदान कार्यक्रमको सञ्चालन प्रकृया निम्नानुसार हुनेछ:

क) यो कार्यक्रम व्यावसायिक कीट विकास निर्देशनालय मार्फत सञ्चालन हुने छ।

ख) आ.व. को शुरुमा नै अनुसुची १ अनुसारको निश्चीत मापदण्ड र क्षेत्र तोकी च्याउ कल्चर ल्याव स्थापना गर्न इच्छुक निजी उद्योगी व्यावसायीलाइ सार्वजनिक खरिद ऐन २०६३ अनुसारको समयावधि तोकी आवेदनको आह्वान गरिने छ।

ग) प्राप्त भएका आवेदनहरुको छनौट तथा कार्यान्वयन गर्न अनुसुची ७ अनुसारको कार्य समीतीबाट गरिने छ।

## २.१२.२ च्याउ कल्चर स्थापनाको आर्थिक पक्ष निम्नानुसार हुने छ :

अनुदान प्रवाह गर्दा कार्य प्रगतिको आधारमा पहिलो पटक बढीमा ५० प्रतिशत र बांकी रकम व्यावसायिक कीट विकास निर्देशनालयका प्राविधिकद्वारा कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात भुक्तानी गरीनेछ ।

| क्र.सं. | कार्य विवरण | निर्देशनालयले व्यहोर्ने बढिमा | कृषक /व्यावसायीले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|
| १ | निजी क्षेत्रमा च्याउ कल्चर सरक्षण ल्याव स्थापना अनुदान | रु. २१,००,०००। | घटीमा ५० प्रतिशत | |
| २ | अनुदान ग्राहीहरुको मूल्याकन समिती र कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने प्राविधिकहरुको दै भ. तथा दै भ्र. भ | रु ६००००। | | |
| | जम्मा | २१६००००। | लागतको घटीमा ५० प्रतिशत | |

# परिच्छेद ३
# रेशमखेती

## ३.१. सरकारी सहकारी साझेदारीमा कीम्बु खेती विस्तार

यो कार्यक्रम कार्यक्रम नेपाल सरकारको आ.ब.२०७३,०७४ को बजेट बक्तव्यमा परेको कार्यक्रममा आधारीत छ ।बजेट वक्तव्यमा परेका १५ जिल्लामा ५००० हेक्टर क्षेत्रमा कीम्बु क्षेत्र विस्तार गर्ने लक्ष्य मध्ये चालु आ.ब. २०७३।०७४ मा ३ जिल्लामा ३५ हेक्टर क्षेत्रमा कीम्बु क्षेत्र विस्तार शुरु गरि आगामी ५ बर्षमा लक्ष्य पुरा गर्ने गरि यो कार्यक्रम सञ्चालन गरिने छ ।

### ३.१.१ कार्यक्रम सञ्चालन प्रकृया

क. यो कार्यक्रम व्यवसायीक कीट विकास निर्देशनालय तथा रेशम फर्म केन्द्रहरु मार्फत निजी उद्यमी वा सहकारीहरुसंगको सहकार्यमा सञ्चालन गरिने छ ।

ख. स्विकृत कार्यक्रमको आधारमा व्यवसायीक कीट विकास निर्देनालय बाट ३० दिनको सुचना जारी गरिने छ ।

ग. सुचनाको आधारमा उपयुक्त व्यवसायी र सहकारी छनोट गर्न अनुसुची ७ अनुसारको कार्यक्रम कार्यान्वयन समिती गठन गरिने छ

घ. छनौट भएका व्यावसायीलाइ सम्झौता गरि सोही मापदण्ड अनुसार ल्याव स्थापना गर्न नियमानुसारको रकम अनुदान दिईने छ ।

**ङ. अनुदान दिने रेशम उद्यमी व्यवसायी वा सहकारी छनौटका आधारहरु :**

- कीम्बु बगैचा स्थापना गर्ने क्षेत्र भौगोलिक एवं प्राविधिक हिसावले उपयुक्त हुनु पर्ने छ ।
- एकै क्षेत्रम कम्तीमा पनि २ वटा क्लष्टर (१० हेक्टर ) क्षेत्रमा किम्बु खेती गर्ने उद्यमी व्यवसायी वा सहकारीलाई पहिलो प्रथामिकता दिइने छ ,
- रेशम खेतीमा १०बर्ष वा सो भन्दा वढि अनुभव भएका व्यवसायी वा उद्यमीलाई प्रथामिकता दीइने छ ।

- रेशम कोया सकलन गरि धागो उत्पादन गर्ने पूर्वाधार भएका र कपडा उत्पादनमा सरिक उद्यमीहरुलाई प्राथमिकता दिइने छ ।
- कीम्बु क्षेत्र विस्तार गर्ने जमिन आफ्नै नाउमा वा करारमा लिने भए कम्तीमा पनि २० बर्षको करार सम्झौता गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

**३.१.२ आर्थक पक्ष :**

यो कार्यक्रम सञ्चालनको लागी आवश्यक पर्ने बजेट अनुसुची.१७ अनुसार हुनेछ ।

**३.२ रेशमखेतीबाट गरीवी न्यूनीकरण तथा रोजगार प्रवर्द्धनको कार्यक्रम सञ्चालन प्रकृया देहाय अनुसार हुनेछ ।**

क) भूमीहिन, न्यून आय भएका, बर्षको १ बाली मात्र लाग्ने पाखो जग्गा भएका कृषक समुदायहरु बसोवास गर्ने क्षेत्रहरुको छनौट गरिने छ ।

ख) गरिवीको रेखामुनी रहेका र आफ्नो जमिनको उत्पादनले बर्षदिन खान नपुग्ने मध्यपहाडी र चुरेभावर क्षेत्रका समुदायहरुलाइ लक्षित गरि यो कार्यक्रम सञ्चालन गरिने छ ।

ग) कार्यक्रमसंग सम्बन्धीत जिल्ला कृषि विकास कार्यालय जिल्ला विकास समिती समेतको सहयोग र सहकार्यमा गरीव विपन्न परिवारको बाहुल्यता भएको सरकारी जमिन वा सामुदायिक बन जग्गल भएको, वर्षमा १ वा २ बाली मात्र लाग्ने, श्रम शक्ति खेर गई रहेको क्षेत्रको पहिचान गरि जिल्ला कृषि विकासकार्यालयहरु र रेशम फर्म केन्द्रहरुले बजेट तथा कार्यक्रम योजना तर्जुमा गरि योजना तर्जुमा गोष्ठिको समयमा व्यावसायिक कीट विकास निर्देशनालयमा पेश गर्नु पर्ने छ ।

घ) प्रस्तावित कार्यक्रमहरु प्राप्त भएपछि कार्यक्रम कार्यान्वयन समिति सहितको विषय विशेषज्ञको प्राविधिक टोली सम्वधीत क्षेत्रमा गएर भौगोलिक तथा प्राविधिक पक्षहरुको स्थलगत निरीक्षण गरी प्रथामिकता क्रम निर्धाण (अनुसुची ६) गरिने छ । उपलब्ध भएका योजानहरु मध्येबाट प्राप्त भएको बजेटको आधारमा प्रथामिकताको आधारमा कार्यक्रम लक्ष्य निर्धारण गरि पेश गरिने छ । कार्यक्रम स्विकृत भै सकेपछि जिल्ला कृषि विकास कार्यालय र रेशम फर्म केन्द्रहरु मार्फत कार्यक्रम सञ्चालन गरिने छ ।

ङ) समुहमा आवद्ध इच्छुक कृषकहरुलाई ३ दिने स्थलगत तालीम र समुहको १ जना अगुवालाई १५ देखि ३५ दिने सैद्धान्तीक तथा व्यवहारीक तालीम प्रदान गरिने छ ।

च) तालीम प्राप्त कृषकहरुले तालीममा सिके अनुसार कीम्बु खेती तथा रेशम कीरापालन गर्नु पर्ने छ ।

छ) भूमीहिन कृषकहरुलाई रेशमखेती तर्फ आकर्षण गर्नकोलागी बन कार्यालय र बन उपभोक्ता समितिहरु सगको समन्वय र सहकार्यमा आगामी आ.व.हरुमा कार्यक्रम योजना तर्जुमा गरिने छ ।

ज) कार्यक्रम कार्यान्वयन समितिको व्यवस्था : जिल्ला कृषि विकास कार्यालय तथा रेशम फर्म केन्द्रहरुबाट प्राप्त भएका योजनाहरुको प्रथामिकता क्रम निर्धारण गर्नकोलागि अनुसुची ७ अनुसारको कार्यक्रम कार्यान्वयन समितिको व्यवस्था गरिने छ ।

**रेशमखेतीबाट गरीवी न्यूनीकरण तथा रोजगार प्रवर्द्धनको कार्यक्रम सञ्चालनको आर्थिक पक्ष देहाय अनुसार हुनेछ ।**

- कीम्बु वीरुवाको मुल्यमा ९० प्रतिशत अनुदान
- कीम्बु वीरुवा ढुवानीमा शत प्रतिशत अनुदान
- एकै ठाउमा १०० हेक्टर भन्दा बढि क्षेत्रमा कीम्बु क्षेत्र वीस्तार गरेमा दोश्र बर्षमा सी आर सी भवन निर्माण गर्न लागत अनुमान अनुसारको लाग्ने खर्च
- एक पटकमा कम्तीमा पनी ४ बाकस ( ८००००) कीरा पालन गर्ने कृषकलाइ रेशम कीरा पालन घर निर्माण गर्न रु ५० हजार सम्म अनुदान

- तालमिमा सहभागी प्रशिक्षक तथा प्रशिक्षार्थीहरुको नियमानुसारको पारीश्रमिक तथा आते जाते भत्ता, खाजा, स्टेशनरी एवं तालीम सञ्चालन गर्न आवश्यक पर्ने सामाग्रीहरुको नियमानुसारका खर्चहरु
- कीम्वु बगैचा स्थापना गर्न आवश्यक मलखाद तथा अन्य सामाग्रीमा ९० प्रतिशत अनुदान दिने
- २५००० कीम्बुको विरुवा ढुवानी र निजी कीम्वुनर्सरी स्थापना गर्न आवश्यक खर्चमा प्रति नर्सरी ५० हजारका दरले निजी नर्सरी धनीलाई अनुदान दिने ।
- रेशम कीरा पालनमा प्रयोग हुने विसंक्रमण औषधिहरु निशुल्क वितरण गरिने छ ।

### ३.३ रेशमखेती विस्तार कार्यक्रम

रेशमखेती विस्तार कार्यक्रमको कार्यविधि देहाय अनुसार हुनेछ ।

क)मौजुदा किम्वु फार्म तथा कृषक संख्याको आँकडा एकिन गरी निष्कृय रहेका अनुत्पादक बगैंचाको पुनर्स्थापना गरि उत्पादनशील बनाइने छ ।

ख) पुराना वगैंचामा मरेका किम्वु वोटको रिक्त ठाउँमा किम्वु रोप्नको लागि कृपकलाई किम्वु विरूवा निःशुल्क उपलब्ध गराईने छ ।

ग) प्रति कृषक कम्तीमा पनि १,२०० देखि १,५०० किम्वु वोट हुने उत्पादनशील किम्वु वगैंचा तयार गर्न प्राविधिक सेवा दिइने छ ।

घ) बहुस्थलीय, बहुजातीय, बहुमौसमी रेशमकीरा तथा किम्बुको परिक्षण विकास गरी सिफारिस दिइने छ ।

ङ) अध्ययन अनुसन्धानवाट प्राप्त प्रविधिको स्थान विशेषमा परिक्षण गरेर मात्र कृषकमा सिफारिस गर्ने र अध्ययन र परिक्षणमा रेशमखेती कृषकहरूलाई नै संलग्न गराइने छ ।

च) सबै फार्म केन्द्रको कमाण्ड एरिया तोकी कोया उत्पादन र प्राविधिक सेवाको लक्ष पुरा गर्ने जिम्मा दिइने र जिल्लामा रेशमखेतीमा काम गर्न चाहने गै.स.स. वा कृषक समुहरसहकारी संस्थालाई Cluster Area प्रमुख र फार्मसँगको समन्वयमा मात्र रेशम विकास कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ ।

छ) प्रत्येक किम्वु कृषकलाई रेशम कार्ड वितरण गर्ने व्यावस्था मिलाईने छ ।

ज) रेशम खेतीको विकास र विस्तार गर्नको लागि निम्नअनुसारको समूह र क्लस्टर विकास गरिने छ ।

झ) कार्यक्रम सञ्चालनको लागि जिल्लाभित्र सम्भाव्यता तथा तुलनात्मक लाभको आधारमा निश्चित भौगोलिक क्षेत्र र सहभागी कृषहहरूको पहिचान गरि पकेट क्षेत्र यकिन गर्ने र प्रत्येक ५० कृषक घर परिवारको एउटा रेशमखेती क्लस्टर (Cluster) को विकास गर्ने ।

- व्यवशाय सञ्चालनको लागि आवश्यकपर्ने प्राविधिक सेवा टेवा उपलब्ध गराउने ।
- कार्यक्रम कार्यान्वयनको लागि पकेट क्षेत्रस्तर सम्म जिम्मेवार निकाय र व्यक्ति समेत तोक्ने ।
- रेशमखेती क्लस्टर विकास गर्दा निम्न लिखित आधारमा गर्ने:
- एक रेशमखेती क्लस्टर — ५० कृषक घर परिवार
- न्यूनतम क्षेत्रफल प्रति कृषक घर परिवार — २ रोपनी (०.१ है)
- प्रति कृषक घर परिवार कोया उत्पादन — ७०-८० के.जी
- प्रति रोपनी कोया उत्पादन — ३५-४० के.जी
- प्रति रेशमखेती क्लस्टर कोया उत्पादन — १,७५०-२,००० के.जी

ञ) प्रस्तावित कार्यक्रमहरु प्राप्त भएपछि कार्यक्रम कार्यान्वयन समिति सहितको विषय विशेषज्ञको प्राविधिक टोली सम्बधीत क्षेत्रमा गएर भौगोलिक तथा प्राविधिक पक्षहरुको स्थलगत निरीक्षण गरी प्रथामिकता क्रम निर्धाण गरिने छ ।

**रेशमखेती विस्तार कार्यक्रमको आर्थिक पक्ष देहाय बमोजिम हुनेछ**

क) साना किसानलाई किम्वु विरूवा, मल र औजार उपकरण निःशुल्क तथा सहुलियत दरमा उपलब्ध गरिने छ ।

ख) सानासाना कीरापालक समुहको बगैंचामा सिंचाई लगायत तारवारमा ५० प्रतिशत अनुदान दिइने छ ।

ग) कोया उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न १०० के.जी. भन्दा बढी कोया उत्पादन गर्ने कृषकहरूलाई स्थानीय पदार्थमा आधारित आरोहण सामाग्रीको लागि एकमुष्ट रू. ८,००० । एकपटक मात्र उपलब्ध दिइने छ ।

घ) दुई मे.टन कोया उत्पादन हुने क्षेत्रमा चौकी कीरा पालन केन्द [Chowki Rearing Center (CRC)] स्थापना गर्ने र CRC मा किम्बु बगैचाको लागि तारबारको व्यवस्था गर्न ५० प्रतिशत अनुदान दिइने छ

ङ) रेशम कृषकलाई छुट्टै कीरापालन घर निर्माण गर्न लगाउने । प्रति बर्ष २० बाकस कीरापालन गरी कम्तीमा पनि ४०० के.जी कोकुन उत्पादन गर्ने पर्याप्त किम्बु बगैंचा भएका कृषकलाई छुट्टै नमुना कीरापालन घर निर्माण गर्न लाग्ने खर्चको ५० प्रतिशत अनुदानको साथै कीरापालन घरमा आवश्यक पर्ने औजार उपकरण र विसंक्रमण आरोहण सामाग्री खरिद गर्नको लागि समूहमा चक्रकोष शुरू गर्न रु ५० हजार सम्म अनुदानको रुपमा Seed Money दिइने छ ।

च) अनुभवी दक्ष प्राविधिक तथा दक्ष कृषकबाट रेशम प्रविधि प्रसार गर्ने नीति अनुरूप प्रत्येक कीरापालक विच एक रेशम सहजकर्ता राख्ने व्यवस्था मिलाइने छ । निजको तलव ५ वपसर्म्म १०० प्रतिशत सरकारले र त्यस पछिका बर्षबाट ७५ प्रतिशत सरकार र २५ प्रतिशत समुहले व्यहोर्ने र क्रमशः ५ वर्ष पछि १०० प्रतिशत समुहले व्यहोर्ने व्यवस्था मिलाइने छ ।

छ). व्यवसायिक र प्रतिस्पर्धात्मक प्रणालीको विकास गर्न प्रतिबर्ष ५०० के.जी. कोया उत्पादन गर्ने कृषकलाई प्रोत्साही पुरस्कार र कदर पत्र प्रदान गर्ने व्यबस्था गरिने छ ।

ज) रेशमखेती व्यवसायमा ऋण लगानी गर्दा रेशम कषकबाट आयप्राप्त हुनसक्ने Gestation Period को आधारमा कर्जा भुक्तान हुने ऋणको व्याजलाई ग्रेस पिरियड (२ बर्ष सम्म ) मा पूँजिकरण नगर्ने व्यवस्था मिलाइने छ ।

झ) रेशमखेतीमा लगानी भएको ऋण ग्रेस पिरियड समाप्त भएको मितिले ५ बर्ष भित्र साँवा तथा व्याज समेत तिरी सक्नुपर्ने व्यवस्था लागु गरिने छ

ञ) प्रति सिजन कम्तीमा २ बाकस रेशम कीरा पालन गर्ने कृषकलाई मलखाद व्यवस्थापन तथा काटछांट गर्नको लागि प्रति कीम्बु बोट रु १ का दरले पुरानो बगैचा व्यवस्थापन प्रोत्साहन अनुदान प्रदान गरिने छ ।

**रेशमखेती विस्तारको बजार व्यावस्थापन कार्यक्रम**

❖ रेशम कोया संकलन र रेशम धागो कात्ने कार्यमा संलग्न हुन सहकारी/नीजि संस्थालाई प्राथमिकता दिइने छ ।

❖ इटहरीको रिलिङ्ग मेसीन नीजि र सहकारी संस्थाले संचालन गर्न चाहेमा रेशम खेती विकास र विस्तारमा सहयोग पुग्ने खालका संझौताका आधारमा सञ्चालन गर्न दिइने छ ।

❖ बजारको थप सुविधा र क्षमता विकास नभएसम्म हाल अवलम्बन गरिएको कोष अनुपातलाई नै कोया ग्रेडिङ गर्ने आधार मान्ने र भविष्यमा क्रमशः Dry Cocoon मात्र ग्रेडिङ गर्ने व्यवस्था मिलाइने छ ।

❖ कोया खरिद विक्रीमा नीजि क्षेत्र तथा सहकारी संस्था अगाडी आउन थालेपछि कोया ग्रेडिङ र मूल्य किटानी कोया बजार लागेकै दिन क्रेता र विक्रेता दुबैको उपस्थितिमा गर्ने व्यवस्था मिलाइने छ ।

❖ कोया खरीद बजार व्यवस्थाको लागि बोल कबोल प्रथाको विशेष बजारको विकास गर्न कोया बजारमा कोया विक्री नभएसम्मका लागि आन्तरिक भण्डारण गर्न सक्ने सुविधाको विकास गर्ने र बोलकबोल प्रथाद्वारा किनवेच हुने व्यवस्था क्रमशः विकास गर्दै लगिने छ ।

❖ कोया बजारमा आउने समय लाई मध्यनजर गरी बर्षमा चार पटक सम्म कोया बजार हाट बजार संचालन गरिने छ ।

❖ कृषकबाट उत्पादीत रेशम कोकुन फर्म केन्द्रबाट नै खरिद गरिदै आएकोमा आ.ब.२०७०/०७१ बाट निजी क्षेत्रले खरिद गर्ने परिपाटीको विकास गरिएको छ । आगामी आ ब २०७४।०७५ मा चक्रकोष लाइ रु ५० लाख पुराउन आवश्यक पर्ने बजेट विनियोजन गरी चक्र कोपको रुपमा विउ पूजी स्थापना गरिने छ । चक्र

कोषको परिचालन गर्न निम्नानुसारका पदाधिकारी रहेको एक समिति गठन गरि सोही समितको मातहतमा कोषको रकम रहने व्यवस्था रहने छ । निजी क्षेत्रले कोकुन खरिदको अवस्थामा चक्र कोषको परिचालन गरिने छैन भने निजी क्षेत्रले कोकुन खरिद नगरेको अवस्थामा कोकुन खरिद गर्न आवश्यक पर्ने बजेटको यकिन गरि रेशम फर्म केन्द्रले बजेट माग गर्ने छ र सो रकमबाट कृषकहरुको रेशम कोकुन खरिद गर्ने छ । खरिद गरिएको रेशम कोकुनलाई सुकाई राम्रोसंग भण्डार गरि राख्ने र निजी क्षेत्रलाई बिक्री गरि चक्र कोषबाट लिएको रकम पुन चक्र कोषमा जम्मा गराईने छ । यसरी प्रत्येक बर्ष कोकुन खरिदमा बजेट विनीयोजन गर्नु पर्ने छैन । कृषकहरुको कोकुन खरिद तथा बजार व्यवस्थापनको पनि समस्या हुने छैन ।

**चक्र कोषको संञ्चालन समिति**

| | |
|---|---|
| व्यावसायिक कीट विकास निर्देशनालयका कार्यक्रम निर्देशक | संयोजक |
| कृषि विभाग योजना शाखाका प्रतिनिधी | सदस्य |
| व्यावसायिक कीट विकास निर्देशनालयका योजना फाँटका अधिकृत | सदस्य सचिव |

३.८ रेशम कोया बजार व्यावस्थापन कार्यक्रमको आर्थिक पक्ष देहाय बमोजिम हुने छ

क) शुरुको पहिलो ५ वर्ष कोया खरिद गर्ने नीजि र सहकारी संस्थालाई कोया संकलन र ढुवानीमा पूर्ण अनुदान दिइने छ ।

ख) कोया खरिदको लागि आ.व.२०७०/०७१ मा सबै फर्म केन्द्रहरुमा विनियोजीत रहेको बजेटलाई एकै ठाउमा सकलन गरि चक्र कोष समितीको संयुक्त दस्तखतबाट परिचालन हुने गरि व्यावसायिक कीट विकास निर्देशनालयको नाउंमा कोया खरिद चक्र कोषको स्थापना गरिने छ । यस कोषबाट कोकुन खरिद गर्ने रेशम फर्म केन्द्रहरुले खरिद गरिएको मूल्य बराबर हुने गरि निजी क्षेत्रलाई बिक्री वितरण गरि चक्रकोषमा रकम दाखिला गर्नु पर्ने छ । चक्र कोषको बजेट न्युन भएमा आगामी आ.ब.२०७१/०७२ को वजेट मा अन्तीम पटकको लागि सेही शिर्षकमा केही बजेट विनियोजन गरिने छ र सो रकम पनि आ.ब.को अन्तीम सम्ममा अनिवार्य रुपमा चक्र कोषमा दाखिला गर्नु पर्ने छ । चक्र कोषबाट रकम परिचालन गर्न माग गर्ने रेशम फर्म केन्द्रलाई पेश्कीको रुपमा समितीको सिफारीसमा उपलब्ध गराइने छ र उक्त रकमबाट कृषकहरुको रेशम कोकुन खरिद गरी सुकाउने र सुरक्षीत भण्डार गर्ने र सोही आ.व.को सोही चौमासिक वा अर्को चौमासिक सम्म कोषबाट लिएको रकममा नघट्ने गरि निजी क्षेत्रलाई विक्री गरेर चक्र कोष खातामा रकम दाखिला गरि पेश्की फछ्यौंट गर्नु पर्ने छ । यसरी एक पटक स्थापना भएको चक्रकोषबाट बर्षेनी रेशम कोकुन खरिदमा बजेट विनियोजन गर्नु नपर्ने र कृषकहरुको बजार ग्यारेण्टी हुने हुदा कृषकहरु रेशम खेती तर्फ आकर्षित हुने छन् ।

ग) महिला वर्गको बढी भन्दा बढी सहभागिता र यस व्यवसायमा आकर्षण अभिबृद्धि गर्न गराउन Non-reelable Cocoon बाट कतुवा धागो निकाल्न ५० प्रतिशत अनुदानमा महिला समुहलाई चर्खा उपलब्ध गराउने व्यवस्था गर्ने । महिला समुहद्वारा जर्ती कोयाबाट रेशम धागो कताई गर्न चाहेमा ५० प्रतिशत मूल्य कम गरी बिक्री गर्ने व्यवस्था मिलइने छ ।

घ) रेशम सहकारी संस्था र नीजि संस्थाको विकास र सुदृढीकरण गर्न एक सिजनमा २ मे.टन कोया उत्पादन गर्ने सहकारी संस्थालाई कोया सुकाउने उपकरण निर्माणरखरिदको लागतमा ५० प्रतिशत अनुदान दिने र बाँकी ५० प्रतिशतको लागि व्याजमा पनि ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाइने छ ।

ङ) बिक्री केन्द्र संचालनको लागि कोया किनबेच गर्ने दुबै थरी बाट २ प्रतिशतका दरले शुल्क लिने व्यवस्था गर्ने र नपुग रकम सरकारको तर्फ बाट व्यबस्था अनुदान व्यवस्था मिलाइने छ ।

च) कोया केलाई राम्रो नराम्रो कोया छुट्टाछुट्टै ल्याउने कृषकहरूलाई कोयाको मुल्यमा १० प्रतिशत प्रिमियम मुल्य दिइने छ ।

छ) रिलिङ, स्पिनिङ, ह्याण्डलुम तान जस्ता मेसशनरी ओजाररहरुमा खरिदमा निजी संस्थालाई ५० प्रतिशत सम्म मूल्य अनुदान दिइने छ ।

३.४ **रेशममा आधारीत उद्योगस्थापना तथा आयत प्रतिस्थापन कार्यक्रम ।**

क) नेपालमा हाल सञ्चालित रेशम जन्य उद्योगको लागि आवश्यक पर्ने ३०० मे.ट धागो विदेशबाट आयत हुँदै आएकोमा सो परिमाण नेपालमा नै उत्पादन गरि आयात प्रतिस्थापन गरीने छ।

ख) रेशमकीरावाट औषधी, श्रृङ्गार सामाग्री तयार गर्न प्रयोग हुने हुँदा यसको पनि निर्यात गर्ने तर्फ सोच राख्नुका साथै रेशम धागो र रेशमजन्य वस्तु निर्यात वृद्धि गर्न नेपालबाट निर्यात हुने वस्तुहरूको सूचीमा रेशमलाई प्राथमिकतामा पारी रेशम उत्पादनदेखि निर्यातसम्म आवश्यक पर्ने पूर्वाधार, प्रविधि, ऐन/कानुन र सुविधा प्रदान गर्ने व्यवस्थाकोलागि रेशम निर्यात कार्य योजना तय गरी निर्यात वृद्धि गरिने छ ।

ग) कोयाको मूल्य निर्धारणको लागि कृषि विकास मन्त्रालयको कृषि प्रवर्द्धन व्यवसाय तथा तथ्याङ्क महाशाखाका सह-सचिवको अध्यक्षतामा उच्चस्तरीय मूल्य निर्धारण समिति गठन गर्ने । समितिमा नीजि क्षेत्रका उद्यमी र कृषक समेत बढीमा ७ जना सदस्य राख्ने । समितिले विशेषत: वार्षिकरूपमा राष्ट्रिय र अन्तराष्ट्रिय मुल्य समिक्षा गरि मूल्य निधारण गर्ने व्यवस्था मिलाइने छ ।

घ) सरकारी फार्म केन्द्रबाट प्रसोधनकर्ताले कोया खरिद गर्न चाहेमा नाफा नलिई सोभै बिक्री गर्ने व्यवस्था मिलाइने छ।

३.९ रेशमखेतीमा आधारीत उद्योगस्थापना तथा आयत प्रतिस्थापन कार्यक्रमको आर्थिक पक्ष देहाय बमोजिम हुनेछ :

क) कोया प्रशोधन र कोयोत्तर व्यवस्था व्यवस्थापन तर्फ वार्षिक १० मे.टन भन्दा बढी कोया उत्पादन हुने क्षेत्रमा सहकारी/नीजि क्षेत्रको संलग्नतामा आधुनिक रिलिङ मेसिन स्थापना गर्ने व्यवस्था गर्ने । गुणस्तरिय रेशम कोया प्रयोग गरी कच्चा रेशम धागो उत्पादन गर्न चाहने नीजि उद्यमीलाई रिलिङ, ट्विस्टिङ र कपडा बुन्ने तान र आवश्यक उपकरणको पूर्णसेट खरिद मुल्यमा ५० प्रतिशत अनुदान सहुलियत र भंसार तथा मुल्य अभिवृद्धि करमा पनि छुट दिने व्यवस्था मिलाइने छ ।

ख) नेपाली रेशम धागो बढी परिमाणमा प्रयोग गरी निर्यात बढावा गर्ने नीजि व्यवसायी/सहकारी संस्थालाई प्रोत्साही पुरस्कार र कदर पत्र प्रदान गरिने छ ।

ग) अन्तर्राष्ट्रिय मुल्य उतार चढावको जानकारी नियमित रूपमा व्यावसायिक किट विकास निर्देशनालयले कृषक र सम्बन्धितलाई जानकारी दिने व्यवस्था मिलाइने छ।

घ) सहकारी संस्थाहरूलाई रेशम विमा शुरू गर्न प्रोत्साहित गरि आवश्यक प्रकृया शुरु गरिने छ ।

ङ) गुणस्तरिय रेशम धागो उत्पादन वृद्धि गर्न Project Proposal तयार गरी कार्यान्वयन गरिने छ।

च) कोया प्रशोधन र कोयोत्तर व्यवस्थापन तर्फ बार्षिक १० मे.ट. भन्दा बढि कोया उत्पादन हुने क्षेत्रमा सहकारी/नीजि क्षेत्रको संलग्नतमा सरकारी स्तरमा आधुनिक रिलिङ्ग मेशिन स्थापना गर्ने व्यवस्था गर्ने, रेशम कोया प्रयोग गरी कच्चा रेशम धागो उत्पादन गर्न चाहने नीजि उद्यमीलाई रिलिङ्ग र ट्वीस्टीङ्ग उपकरणको पूर्ण सेट खरिद मुल्यमा ५० प्रतिशत अनुदान सहुलियत र भंसार तथा मुल्य अभिवृद्धि करमा पनि छुट दिने व्यवस्था मिलइने छ ।

छ) कीम्बु तथा रेशम कीराबाट उत्पादन गरिने अन्य रेशमजन्य बस्तु उत्पादन गर्न आवश्यक पर्ने औजार उपकरणहरुको आयत गर्दा लाग्ने भन्सार छुटको व्यवस्था गरिने छ।

३.५ **फार्म व्यवस्थापन कार्यक्रम** :

यो कार्यक्रम रेशम फर्म केन्द्रहरुले फम केन्द्रमा मार्फत नै प्राविधिकहरु संलग्न गराई गरिने छ। यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन हुने छन्।

क) पि$_3$, पि$_2$, पि$_1$ तीन तहमा ३५ शुद्ध माउ जातका रेशम कीराको मातृश्रोत (जर्मप्लाज्म) संरक्षण, सम्बर्धन र विकास गर्ने ।

ख) व्याबसायिक वर्णशंकर रेशम बीज उत्पादनका लागि शुद्ध माउ कीरापालन गर्न समन्वय गर्ने ।

ग) रेशमखेती विकास फार्महरूलाई रेशम कीराको शुद्ध माउ जातका बीज कोया उत्पादनको लागि माग अनुसारको बिज उपलब्ध गराउने ।

घ) कृषकहरूको माग बमोजिम वर्णशंकर रेशम फुल उत्पादन र वितरण गर्ने ।

ङ) कृषकबाट उत्पादित कोया खरिद गर्ने वा सो कार्यमा बजार सेवा पुऱ्याउने ।

च) कीम्बुखेती तथा रेशम कीरापाल सम्बन्धी तालीम सञ्चालन गर्ने ।

छ) कृषकलाई स्थलगत प्राविधिक सेवा प्रदान गर्ने ।

ज) साना कीरापालन र वितरणमा सहयोग गर्ने ।

झ) वहुस्थलिय प्रविधि विकास, परीक्षण, प्रमाणिकरण तथा संयोजन गर्ने ।

ञ) जागुरी र चर्खाबाट धागो उत्पादन गर्ने ।

रेशमखेती फार्म व्यवस्थापन कार्यक्रमको आर्थिक पक्ष देहाय बमोजिम हुनेछ

क) एक बर्षमा ५० हजार कीम्बु विरुवा उत्पादन गर्न (नर्सरीको लागि जग्गा खरिद देखी कीम्बु विरुवा विक्री वितरण गर्ने समय सम्म) ६ महिने अवधिमा २१५ जना ज्यामीको स्थानिय दर रेट अनुसारको ज्याला फर्म केन्द्रहरु मार्फत भूक्तानी दिने ।

ख) ५० हजार विरुवा उत्पादनको लागि आवश्यक पर्ने कम्पोष्ट मल ३० मे.ट. डी.ए.पी १८ के.जी.,युरिया ११ के.जी, म्यरीट अफ पोटास ९ केजी मलखादको स्थानिय दर रेट अनुसार लाग्ने खर्चहरु विरुवा उत्पादन कार्यक्रम बजेटमा समवेश गर्ने ।

ग) फर्म भित्र खाली रहेको जग्गामा किम्बु विरुवा रोपाण गर्नको लागि प्रति हेक्टर ६०० जना ज्यामीको ज्याला, २० मे.ट कम्पोष्ट मल, १२ हजार कीम्वु विरुवा, १०० : ८० : ६० के.जी एन पी.के.को दरले रासायकि मल, कम्पोष्ट मल र विरुवा ढुवानी,डोको नाम्लो १० सेट र १० वटा कुटो कोदालो खरिद गर्न आवश्यक पर्ने स्थानिय दर रेट अनुसारको ज्याला तथा मूल्य खर्चहरु यस अन्तर्गत समावेश गरिने ।

घ) फर्ममा रहेको बगैचाको व्यवस्थापन गर्ने कार्य अन्तर्गत किम्बु बगैचा कांटछांट, गोडमेल, मलखाद प्रयोग ,सिचाई आदि कार्य गर्न आवश्यक पर्ने ७३० जना ज्यामी, २० मे.ट कम्पोष्ट मल, १००:८०:६० के.जी एन पी.के.को दरले रासायकि मल,१० सेट डोको नाम्लो, प्रति ५ बर्षमा १० वटा कुटो कोदालो, प्रति २ वर्षमा १० वटा सिकेचर तथा प्रुनिङ्ग स प्रति बर्ष २ पटक कम्पोष्ट मल ढुवानी गर्न प्रति हेक्टरमा स्थानिय दर रेट अनुसारको ज्यामी ज्याला र सामानको दर रेट अनुसारको बजेट साल बसाली रुपमा विनीयोजन गरि सोही अनुसार खर्च गरिने छ ।

ङ) प्रति ५०० के.जी रेशम विज उत्पादनको लागि कोया लोडिङ्ग देखि फूल वितरण र कोठा सरसफाई गर्ने अवधिसम्मको लागि आवश्यक पर्ने ८११ जना ज्यामी को स्थानिय दर रेट अनुसारको ज्यामी ज्याला,आवश्यक विभीन्न सामाग्रीहरु जस्ते ब्राउन पेपर १.५ सिट,फोम प्याड १,भुटेको भुस १०० के.जी, फर्मालनि वा अन्य विसंक्रमण केमिकल्स १५ लि.,चुना २० के.जी, ब्लिचिङ्ग धुलो २.५ के.जी,,एप्रोन, चप्पल मास्क ३ सेट,मटीतेल ९० लि.नुन २ के.जी., एसिड १ लि., पेट्रोल २ लि., भाले रंगाउने रङ्ग आधा लि., एम सी भी.स्टेवलाईजर १. प्लाष्टिक बाल्टीन ४, कोया काट्ने चक्कु, ब्लेड १२, फुल राख्ने बाकस ५००, कालो कपडा २ मी, सेतो मलमल कपडा २ मी.,कालो पेपर सीट ६, पावर जेनेरेटरलाई डिजल २०० लिटर आदीको लागि प्रचलित दर रेट अनुसार लक्ष्य पुरा गर्न आवश्यक पर्ने बजेट साल बसाली रुपमा विनीयोजन गरि सोही अनुसार खर्च गरिने छ ।

च) प्रति २० के.जी विज कोया उत्पादनको लागि कोठा सर सफाई देखि विज कोया उत्पादन गरि प्याकीङ्ग गर्ने समय सम्मको लागि आवश्यक पर्ने २३ जना ज्यामीको स्थानिय दर अनुसारको ज्याला, डाली, धुन्से,वाटा,वाल्टीन चक्कु११ वटा, ब्राउन पेपर २० सिट,कालो सेतो कपडा २ मिटर, फम प्याड १, चुन ५ के.जी., फर्मालिन २.५ लिटर,विजेता वा आर के.ओ. २ के.जी, ब्लीचिङ्ग धुलो १ के.जी, मटीतेल १० लिटरको स्थानिय दर रेट अनुसारको मूल्य दरले लक्ष्य अनुसार आवश्यक पर्ने बजेटको साल बसाली विनीयोजन गरि सोही अनुसार खर्च गरिने छ ।

छ) प्रति १० बाकस चौकी कीरा पालन र वितरण गर्न कीरा पालन घरको सरसफाई देखि साना कीरा पालन गर्ने अवधिसम्मको लागि आवश्यक पर्ने २७ जना ज्यामीको स्थानिय दर अनुसारको ज्यामी ज्याला, फर्मालिन वा अन्य विसंक्रमल केमिकल्स ८ लि., ब्लिचिङ्ग पाउडर २ के.जी, आर.के.ओ वा अन्य

६ के.जी.,चुना ३० के.जी,प्याराफिन पेपर ४० सिट,ब्राउन पेपर ४० सिट, डिटर्जेन्ट पाउडर २ के.जी,फोम स्ट्रिप १ सेट, कार्टुन वा प्याक १५, एक बर्ष अर्थात ४ पटकसम्म प्रयोग गर्न मिल्ने गरि प्लाष्टिक बाटा बाल्टीन ६, सिकेचर १, कालो सेतो कपडा २० मीटर,चप्पल २ जोर, चपीग नाईफ २ र इन्धन ५ लिटरको लागि प्रचलित दर रेट अनुसार लक्ष्य पुरा गर्न आवश्यक पर्ने बजेट साल बसाली रुपमा विनीयोजन गरि सोही अनुसार खर्च गरिने छ ।

ज) प्रति बाकस ठूला कीरा पालन गर्ने कृषकहरुलाई फर्मालिन वा अन्य केमीकल्स २.५ लिटर, ब्लिचिङ्ग पाउडर २ के.जी, आर के.ओ वा विजेता २ के.जी र चुना २ के.जी.का दरले शत प्रतिशत अनुदानको रुपमा प्रदान गरिने छ ।

झ) ३५ जातको रेशम कीराको मातृश्रोत संरक्षण तथा विकास गर्नको लागि आवश्यक पर्ने १८२५ जना ज्यामीको ज्याला , डाली थुन्से प्लाष्टिक बाटा २०।२० गोटा, पात काट्ने चक्कु ६, टिस्युपेपर २० प्याकेट, ब्राउन पेपर ४ रीम, प्याराफीन पेपर २ रीम, कालो सेतो कपटा ८० मीटर, फम प्याड २०, कालो कागज २००, मिनाईल पेपर १२ रोल, चुन ३०० के.जी,फर्मालिन वा अन्य केमिकल्स २०० लिटर, विजेता वा आर के.ओ १५० के.जी., ब्लिचिङ्ग पाउडर १०० के.जी., भीम पाउडर ४० के.जी, सर्फ ४० के.जी, मट्टीतेल ४३० लिटर, डिजेल पावर जेनेटर १६५० लिटर,पेट्रोल पावर स्पैयर ६लि, मोबिल १२ लि , हाइड्रोक्लोरिक एसिड १ लि., पोटासियम हाइड्रोअक्साइड १ के.जी, मिथाइल १ लिटर आदीको लागि प्रचलित दर रेट अनुसार लक्ष्य पुरा गर्न आवश्यक पर्ने बजेट साल बसाली रुपमा विनीयोजन गरि सोही अनुसार खर्च गरिने छ ।

ञ) नेपालमा हालसम्म कृषकहरुले पाल्दै आएका रेशमका जातहरुमा विभीन्न रोगहरु लाग्न गई उत्पादन कम भएको देखिएकोले नयां जातको विकास र विस्तार गर्न आवश्यक पर्ने नयां जातका रेशम कीराका फूलहरु नमुना परिक्षणको लागि भारतबाट आयत गर्न आवश्यक पर्ने बजेट विनियोजन गरि भारतको केन्दीय रेशम बोर्डले निर्धारण गरेको दर रेट र बजेट भुक्तानी प्रकृया अनुसार खरिद गर्दा लाग्ने खर्चहरु केन्द्रीयस्तरमा विनियोजन गरि भारतबाट उपलब्ध भएका रेशम कीराका फूलहरु विभिन्न रेशम फर्म केन्द्रमा पठाईने छ । भारतबाट नेपाल सम्म आयात गर्दा र सम्बन्धीत फर्म केनद्रहरुमा ढुवानी गरि लैजानको लागि आवश्यक पर्ने ढुवानी ,कर तथा प्राविधीकहरुको दैनिक भत्ता तथा यातायात खर्च समेत सरकारी निकायबाट व्यहोर्ने व्यवस्था मिलाईने छ ।

## परिच्छेद ४
## नेपाल व्यापार एकीकृत रणनिती

### ४.१ मौरी जन्य उप उत्पादन तथा सकलन केन्द्र स्थापना अनुदान

नेपालमा उत्पादीत महको विदेश निकासी गर्न विभीन्न पारामीटरहरुको प्रकृया पुरा गर्न कठिनाइ भइ रहेको अवस्थामा महको साथ साथै उत्पादन हुने मौरीजन्य उपउत्पादन(राजश्री खुराक कुट र प्रपोलिस) समेतको उत्पादन गर्ने र विदेश निकासी गर्ने उदेश्यले यो कार्यक्रम सञ्चालन गरिने छ ।

### ४.१.१.कार्यक्रम सञ्चालन प्रक्रियाः

क) यो कार्यक्रम व्यावसायीक कीट विकास निर्देशनालय मार्फत सञ्चालन हुने छ ।

ख) स्विकृत कार्यक्रम प्राप्त भए पछि जिल्ला तोकीएको भएमा तोकीएको जिल्ला र जिल्ला नतोकीएको भएमा सम्भावित जिल्लाहरुलाइ लक्षित गरि १५ दिनको सुचना प्रवाह गरिने छ ।

ग) निर्धारीत समयावधि भीत्र प्राप्त भएका निदेदनहरु छनौट गर्नकोलागी अनुसुची ७ अनुसारको छनौट तथा कार्याक्रम कार्यान्वयन समिती गठन गरिने छ :

### ४.१.२.छनौटका आधारहरुः

क. कम्तीमा पनी ५०० आधुनिक मौली गोलाधार भएको ।

ख. सम्वन्धीत जिल्ला वा क्षेत्रमा आफ्नो स्थायी घर जग्गा भएको ।

ग. कम्तीमा पनि १० बर्ष मौरी पालन र मौरीजन्य उप उत्पादनमा अनुभव भएको ।

### ४.१.३. आर्थिक पक्ष :

श्रोत केन्द्र स्थापना गर्दा लाग्ने खर्चको ५० प्रतिशत वा बढिमा रु २० लाख सम्मको रकम दुइ कीस्तामा उपलब्ध गराइने छ ।

## ४.२. मह मेला सञ्चालन

महको आन्तरीक खपत बढाउने र नेपालको महको प्रचार प्रसार गर्ने उदेश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ ।

### ४.२.१. कार्यक्रम सञ्चालन प्रकृया :

क. यो कार्यक्रम मौरीपालन र बजारीकरणसग सरोकार राख्ने सरकारी, गैरसरकारी र निजी उद्यमीहरुसंगको सहयकार्यमा व्यावसायीक कीट विकास निर्देशनालय मार्फत सञ्चालन गरिने छ ।

ख. आवश्यक बजेट जुटाउन सक्ने मह व्यवसायी वा संघ सगठनसग सहकार्यको लागी ७ दिने सुचना जारी गरिने छ ।

ग. आवेदन दिने मध्येबाट अनुसुची ७ अनुसारको कार्य समीतीले सहकार्य गर्न इच्छुक कम्तीमा पनि लागत मुल्यको ५० प्रतिशत रकम सहयोग गर्न सक्ने १ वा एक भन्दा बढि सघ सस्था उद्यमीको छनौट गरि कार्यक्रम सञ्चालन गरिने छ ।

### ४.२.२. आर्थिक पक्ष :

बजेट तथा कार्यक्रमको आधारमा निम्न बुदाहरु समेट्ने गरि लागत अनुमान तयार गरि कार्यक्रम सञ्चालन गरिने छ

- स्टल भाडा बापतको खर्च
- स्टलमा सहभागीहरुको यातायात खर्च बापतको खर्च
- मह परिकार तथा महको गुणस्तर पहिचान हुने गरी अतिथीहरुलाइ मह उपहार ।
- अन्तकृया गोष्ठी उच्च पदस्थ व्यक्तित्वहरु समावेश
- सुचना प्रवाहको लागी लाग्ने खर्च
- आधिकारीक मेडिया नियुक्त र सो खर्च व्यावस्थापन
- उदघाटन तथा समापन समारोह, मञ्च डेकोरेशन समेत ।

# परिच्छेद ५
## विविध

**५.१ कार्यक्रम अनुगमन व्यवस्था**

क) संचालीत कार्यक्रमहरुको केन्द्रियस्तरबाट नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय, कृषि विभाग, सम्बन्धित निर्देशनालय वा कार्यक्रमबाट हुनेछ ।

ख) संचालीत कार्यक्रमहरुको जिल्लास्तरमा नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य सम्वन्धित जिल्ला कृषि विकास कार्यालय र यस अन्तर्गतका सेवा केन्द्रबाट हुनेछ ।

**५.२ कार्वाहीको व्यवस्था** :

प्रस्ताव स्विकृत भएका कृषक तथा फर्म उद्योगहरुले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम कार्वाही गरीने छ ।

**५.३ प्रचलित कानुन लागु हुने :**

यो कार्यक्रम कार्यन्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएका कार्यक्रमको हकमा यसै कार्यविधी बमोजिम कार्यान्वयन हुने छ ।

**५.४ कार्यविधी संशोधन तथा परिमार्जन :**

कृषि विकास मन्त्रालयले यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्ने छ ।

**५.४ खारेजी तथा बचाउ :**

यस कार्यविधीमा उल्लेख भएका कार्यक्रम बाहेकका अन्य कार्यक्रमहरुको सञ्चालन नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।९।१८ स्वीकृत कृषि विभाग अन्तरगत संचालित मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० अनुसार नै गर्ने गराउने गरि बचाउ गरिएको छ ।

## अनुसूची - १

### मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ को प्रस्ताव आव्हानको सूचनाको ढाँचा

सूचना । सूचना ॥ सूचना ॥।

यस कार्यालयको आ.व. २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मौरी पालन/रेशम खेती /च्याउ खेती विकाससम्बन्धि कार्यक्रमको माध्यमवाट कृषि विकासको प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक नेपाली नागरीकहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्च: आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

**तपशिल**

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

## अनुसूची - २

### मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ को आनुदान सहयोग प्राप्त गर्नको लागि दिईने

### आवेदन-पत्र

श्रीमान्

............................... ।

**विषय : कृषि अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने वारे ।**

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ........................... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु । पूनश्च: तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपशिल**

१. अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

३. फर्म/समूह/समिति/सहकारी सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा ब्यक्तिगत कृषक

४. अन्य प्रमाणीत प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु)

५. बैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि

६. समूह/समिति/सहकारिका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको

नाम :

दस्तखत :

ठेगाना :

## अनुसूची - ३

### मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ को अवधारणाको संक्षिप्त कार्य योजना

उद्यमी युवा/युवतीको नाम थर :
ठेगाना : .................. गाउँ/टोल : .................. वार्ड नं. : ...... गा.वि.स. : ...............
जिल्ला : ..................
संचालन गर्न खोजेको ........... सम्बन्धि व्यवसाय र स्थान :
सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :
आफ्नो लगानि :
आफ्नो पारिवारिक श्रम :
व्यवसायवाट उत्पादन हुने वस्तु :
उत्पादित कृषि बस्तुको परिमाण :
बजारयोग्य परिमाण :
व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ?
फर्म/समुह/समिति/सहकारीको नाम : सम्पर्क नम्वर:
ठेगाना: गाउं/टोल वडा नं. गा.वि.स. जिल्ला

व्यवशाय संचालन गरिने स्थान :

संचालन गरिने कार्य विवरण:

| क.सं. | संचालन गरिने कियाकलाप | अनुदान सहयोग | नीजि लगानि | जम्मा लगानि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

व्यवशाय गरेको भए, विगत कति वर्ष देखि ......... निरन्तर गरि रहेको? वर्ष........महिना.......
व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारीक ख) वाहिर वाट ग) दुवै

तर्फ वाट सहि गर्नेको
नाम :
पद :
दस्तखत :

संस्थाको छाप: (संस्थाको हकमा)

मिति :

## अनुसूची - ४

### मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३

कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

कृषि विभाग व्यावसायिक किट विकास निर्देशनालय द्वारा ........................................ मार्फत संचालन गरिने चालु आ.व. .............. को स्वीकृत ........................... कार्यक्रम संचालन गर्न ................................... कार्यालय, (यस भन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका कृषक उद्यमी श्री/सुश्री/श्रीमती ................................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा /कार्यविधि अनुसार सामाग्री अनुदान स्वरुप तेश्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ............................ व्यवसाय संचालन गर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन् ।

४. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/ भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ ।

५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुने छ ।

**पहिलो पक्ष**

कार्यालयको तर्फबाट सहि गर्नेको

नाम :

पद :

दस्तखत :

मिति :

कार्यालयको छाप :

सम्पर्क फोन नं. :

**दोश्रो पक्ष**

यूवा उद्यमी वासंस्थाको तर्फवाट सहि गर्नेको

नाम :

पद :

दस्तखत :

मिति :

औठाको छाप :

संस्थाको छाप :

दा. वाँ.

सम्पर्क फोन नं. :

## अनुसूची - ५

### मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ को प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी कृषकको

नाम :

ठेगाना :

२. संचालित व्यवसायको

नाम :

ठेगाना :

३. आ.व.

४. प्रगति प्रतिवेदन अवधी : चौमासिक/वार्षिक

| क.सं. | कार्य विवरण | ईकाई | लक्ष्य | प्रगति | आई परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति ईकाई उत्पादित पदार्थको स्थानिय वजारको विक्रि मूल्य :

१. ....... २. ....... ३. ....

यूवा उद्यमीको नाम :
ठेगाना

दस्तखत :

मिति :

## अनुसूची - ६

### मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ को प्रस्ताव मूल्यांकन फराम

| क्र. सं. | द.नं. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (३०) | पेश गरेको कार्ययोजना (४०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता (१५) | वास्तविक लक्षित वर्ग (१५) | कुल प्राप्ताङ्क (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :

१.
२.
३.
४.
५.

# अनुसुची ७

व्यावसायीक कीट विकास कार्यक्रम (ब. उ.शि.न ३१२११३ ) रेशमखेती विकास कार्यक्रम (ब. उ. शि.नं ३१२१०६) र नेपाल व्यापार एकीकृत रणनिती (ब.उ.शि.नं ३१२१६२) अन्तर्गतका कार्यक्रम सञ्चालन कार्यान्वयन समीती को गठन निम्नानुसार हुने छ

| | |
|---|---|
| कार्यक्रम निर्देशक, व्यावसायिक कीट विकास निर्देशनालय | संयोजक |
| प्रतिनिधी कृषि विभाग योजना शाखा | सदस्य |
| सम्बन्धीत जिल्लाको वरिष्ठ कृषि विकास अधिकृत | सदस्य |
| कार्य प्रकृति अनुसारका विषय विशेषज्ञ सस्थाका प्रतिनिधी | सदस्य |

- प्रतिनीधी  कृषि विकास मन्त्रालय नेपाल व्यापार एकीकृत रणनिती.
- कृषि अनुसन्धान परिषद
- क्षेत्रीय कृषि निर्देशनालयका व वाली सरक्षण अधिकृत वा प्रतिनिधी
- जिल्ला बन कार्यालय
- बनस्पती विभाग
- पर्यटन बोर्ड

| | |
|---|---|
| व्यवसायीक कीट विकास निर्देशनालयका व्यावसायिक कीट विज्ञ (योजना फाँट ) | सदस्य सचिव |

## अनुसुची ८

**सामुदायिक बन उपभोक्ता समितीहरु मार्फत कार्यक्रम सञ्चालन गर्दा प्रति जिल्ला वा समुहको लागि उपलब्ध गराइने अनुदानको विवरण**

| सि.नं. | विवरण | इकाइ | परिमाण | दर रु. | जम्मा रु. | निर्देशनालयले व्यहोर्ने | कृषकबाट उपभोक्तबाट व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| १ | गोला सहितका घार | सख्या | २०० | १०००० | २०,००,००० | १८,००,००० | २००००० |
| २ | आधार चाका | के.जी | १०० | १००० | १,००,००० | ९०,००० | १०००० |
| ३ | घार स्टेण्ड | पटक | २०० | ५०० | १,००,००० | ९०,००० | १०००० |
| ५ | मौरी उपकरण वितरण | सेट | २० | ११०० | २२,००० | २०,००० | २००० |
| ६ | सरोकारवाला सग अन्तकृया गोष्ठी | पटक | १ | १००००० | १,००,००० | १,००,००० | |
| ७ | च्युरी तथा अन्य फुल फुल्ने विरुवाको नर्सरी स्थापना | सख्या | १ | ५०००० | ५०,००० | ५०,००० | |
| ७ | मौरपिालन तालीम १ हप्ते | पटक | १ | ३००००० | ३,००,००० | ३,००,००० | |
| | प्राविधिक सेवा प्रदान | पटक | ६ | २०००० | १,२०,००० | १,२०,००० | |
| | कुल जम्मा रु. | | | | २७९२००० | २५,७०,००० | २,२२,००० |

## अनुसुची नं ९

# मौरी कृषक पाठशाला कृषि पर्यावरण विश्लेषण नं

मौरी कृषक पाठशालाको नाम:
उप-समूहको नाम :
घार गोला राखेको मिति :
मौरीको जात :
रानीको उमेर :

अवलोकन मिति :
परिक्षण राखेको मिति :
गोलाको अवस्था :
मौसमको अवस्था :

............................ **तरिका :**

| नमूना फ्रेम न | मह भण्डारण स्थिति | कूट भण्डारण स्थिति | गोलाको समष्टीगत स्थिति | | | | | शत्रुजीव | | | परजीवीहरु | | | रोग | | | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | फुल संख्या | लार्भा संख्या | प्युपा संख्या | वयस्क संख्या | भाले संख्या | | | | | | | | | | चाकाको क्षेत्रफल - लम्बाइ चौडाई से.मी. |
| १. | | | | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | | | | | | | |
| १०. | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | |
| औषत | | | | | | | | | | | | | | | | | |

## १.अन्य अवलोकन

१. मरेका प्युपा लार्भा र भर्खर जन्मेका मौरी हरु प्रवेशव्दार वरिपरी यत्रतत्र अव्यवस्थित रुपमा छरिएका ?

२. प्रवेशव्दार वरिपरी मौरीले बिष्टयाएका र कालो धव्वाहरु भएका ?

३. प्रवेशव्दार वरिपरी सुँड निकालि मरेका मौरी हरु रहेका ?

४. उडन नसकि घस्रेर हिँडने मौरीहरु रहेका ?

५. आपसमा लडाँई गरिरहने ?

६. प्राकृतिक आहारा पर्याप्तता कस्तो ? कुन कुन ?

७ कृत्रिम आहाराको प्रयोग : कुन कुन मितीमा के कती परिमाणमा के कती प्रयोग गरिएको हो उल्लेख गर्ने

## २.विश्लेषण (यस्तो के कारणले भएको होला/हुनसक्छ)

१.

२.

३.

४.

५.

## ३. सिफारिस (कसरी समाधान गर्न सकिन्छ होला)

१.

२.

३.

४.

५.

नोट : मह भण्डारण स्थिति, कट भण्डारण स्थिति र गोलाको समष्टीगत स्थिति लाई मल्यांकन गर्दा – १. उत्तम २ मध्यम ३. कमजोर लेखि गर्ने

## अनुसुची १०

### एक चरन बालीमा मौरीपालन कृषक पाठशालाको आर्थीक पक्ष निम्नानुसार हुने छ ।

**कृषक समुह अन्तरकृया गोष्ठी (२ पटक)**

गोष्ठीमा छलफल हुने विषयहरु : कृषक पाठशालाको महत्व, मौरी चरन पात्रो र आधारभुत तथ्याङ्क संकलन, समुहको महत्व, लैङ्गिक विश्लेषण, समस्या पहिचान, कार्यक्रम कार्ययोजना तयारीको लागि खर्च रकम:(२ **दिनकालागि)**

| क्र.स. | कृयाकलापहरु | रकम रु. |
|---|---|---|
| क) | पहिलो पटक अर्न्तकृया गोष्ठी गर्न ४० जना कृषक सहभागीहरुलाई खाजाखर्च रु. ५० का दरले | २००० |
| ख) | दोश्रो पटक अर्न्तकृया गोष्ठी गर्न ३० जना कृषक सहभागीहरुलाई खाजाखर्च रु. ५० का दरले | १५०० |
| ग) | भिन्दा भिन्दै मितिमा २ पटक सम्म उल्लेखित विषयमा गोष्ठी संचालन गर्दा चाहिने रजिष्टर, कपी, स्केल, डटपेन, सिसाकलम, मार्करपेन, चार्ट पेपर ७० जनाको लागि | ३५०० |
| घ) | गोष्ठी संचालन गर्न दैनिक भत्ता (भ्रमण खर्च नियामवलीमा व्यवस्था भए अनुसार) प्रति व्यक्ति प्रति दिन रु. ४०० का दरले २ जना सहजकर्ता / श्रोतव्यक्तीलाई २ दिनको जम्मा (२×२×रु.४००) | १६०० |
| च) | श्रोत व्यक्तिको यातायात खर्च २ पटकको लागि दिनको रु १०० का दरले २ जनालाई | ४०० |
| | जम्मा | ९००० |

Seasonal Planning **गोष्ठी गर्न B FFS संचालन खर्च विवरण (१ दिनकालागि)**

| क्र.स. | कृयाकलापहरु | रकम रु. |
|---|---|---|
| क) | खाजा खर्च २७ जना (२५जना कृषक र २ जना सहजकर्ता)कोलागि रु.५०का दरले | १३५० |
| ख) | गोष्ठी संचालन गर्न दैनिक भत्ता (भ्रमण खर्च नियामवलीमा व्यवस्था भए अनुसार) प्रति व्यक्ति प्रति दिन रु. ४०० का दरले २ जना आई.पी.एम सहजकर्तालाई १ दिनको जम्मा | ८०० |
| ग) | श्रोत व्यक्तिको यातायात खर्च १ दिनको लागि रु १०० का दरले २ जनालाई | २०० |
| | जम्मा | २३५० |

**नोटः** Seasonal Planning **गोष्ठी गर्न आवश्यक पर्ने स्टेशनरीहरु अन्तरकृया गोष्ठिको रकम बाट नै गर्ने ।**

**स्थलगत कृषक पाठशाला संचालन गर्न BFFS संचालन खर्च विवरण**

**(१६ दिन सम्मका लागि प्रति हप्ता २ दिनका दरले)**

| क्र.स. | कृयाकलापहरु | रकम |
|---|---|---|
| क) | २५ जना कृषक र २ जना सहजकर्ताको लागि रु. ५० का दरले २७ जनाको लागि खाजा खर्च | २१,६०० |
| ख) | मौरीघार, मौरी गोला बोर्ड तथा अन्य सामाग्रीहरु प्लाष्टिक मौरी उपकरणहरु, साइन बोर्डहरु, मौरीमा प्रयोग गरिने जैविक विषादी, हर्मोनहरु, पेग, प्लाईउड बोर्ड, रंगिन कलम, ब्राउन पेपर, जाली कपडा, मार्कर पेन, कैंची, धागो, फोटोकपी पेपर, मास्किङ्ग टेप, भाइल, गम, आदिलाई बढीमा | ३६८०० |
| घ) | आई.पी.एम सहजकर्ता दैनिक भत्ता (भ्रमण खर्च नियामवलीमा व्यवस्था भए अनुसार) २ जनालाई प्रति पटक प्रति व्यक्ति रु.४००/- | १२८०० |
| ङ. | श्रोत व्यक्तिको यातायात खर्च हप्ताको एक दिनको लागि दिनको रु. १०० का दरले २ जनालाई | ३२०० |
| | जम्मा | ७७४०० |

**कृषक दिवस मनाउने तथा अन्तिम प्राविधिक प्रतिवेदन तयारी खर्च विवरण (१ दिनको लागि)**

| क.स. | कृयाकलापहरु | रकम रु. |
|---|---|---|
| क) | आमन्त्रित जनप्रतिनिधी, जिल्लास्तरिय कार्यालय प्रमुख तथा अन्य सहभागी कृषकहरु गरी जम्मा १०० जनालाई रु. ५० का दरले खाजाखर्च खर्च | ५००० |
| ख) | व्यवस्थापन खर्च: स्टेज निर्माण, साउण्ड सर्भिस, कुर्चि, टेवल, ग्राफ/चार्ट पेपर, साँस्कृतिक कार्यक्रम, ध्वजापताका, निमन्त्रण कार्ड, फोटो आदि | २००० |
| ग) | प्रथम, द्वितिय र तृतिय हुने कृषक समूहलाई पुरस्कार वितरण (प्रथम रु. १०००, बतिय रु. ७५० र तृतिय रु. ५००) | २२५० |
| घ) | श्रोत व्यक्तिको यातायात खर्च १ दिनको लागि रु १०० का दरले २ जनालाई | २०० |
| ङ) | कृषक पाठशालाको प्राविधिक प्रतिवेदन दुई प्रति तयार गर्न | १००० |
| च) | सहजकर्ता/श्रोतव्यक्तिलाई दैनिक भत्ता: (भ्रमण खर्च नियामवलीमा व्यवस्था भए अनुसार) २ जनालाई रु.४००/का दरले । | ८०० |
| | जम्मा | ११२५० |

**सहजकर्ताबाट संचालन हुने मौरपिालन. कृषक पाठशालाको एकमुष्ठ खर्च**

| क.स. | कृयाकलापहरु | रकम रु |
|---|---|---|
| क) | कृषक समुह अन्तरकृया गोष्ठी | ९००० |
| ख) | Seasonal Planning गोष्ठी गर्न BFFS संचालन | २३५० |
| ग) | स्थलगत कृषक पाठशाला संचालन गर्न BFFS संचालन | ७७४०० |
| घ) | कृषक दिवस मनाउने तथा अन्तिम प्राविधिक प्रतिवेदन तयारी | ११२५० |
| | जम्मा | १००००० |

## अनुसुची ११

मौरी कृषक पाठशालाका परिक्षणहरु

(क) तुलनात्मक अध्ययन :- कृषक तरिका र असल मौरीपालन अभ्यास. तरिका

(एक एक वटा घारगोला मौरी खरिद गरी अध्ययन गर्ने )

| सि.न. | कृषक तरिका | असल मौरीपालन अभ्यास तरिका |
|---|---|---|
| १. | उन्नत घार को प्रयोग पाच फ्रेम मौरी | उन्नत घार को प्रयोग पाच फ्रेम मौरी |
| २. | आधार चाका विहीन फ्रेमको प्रयोग | आधार चाकाको प्रयोग |
| ३. | मह काढ्ने वेलामा मात्र निरीक्षण | प्रत्येक १० दिनको अन्तरालमा निरीक्षण |
| ४. | अभावको वेलामा कृत्रिम आहारा व्यवस्थानगर्ने | अभावको वेलामा कृत्रिम आहारा को व्यवस्था गर्ने |
| ५. | रानी छेक्ने पाता नराख्ने | रानी छेक्ने पाता राख्ने |
| ६. | घार स्टेण्ड नराख्ने | घार स्टेण्ड कचौरा राख्ने |
| ७. | कोष नटालेको मह समेत काढ्ने | ८५ % कोष टालेको मह काढ्ने |
| ८. | रोग र कीरा पहिचान विना औषधी उपचार | पहिचान गरेर आवश्यकतानुसार औषधी उपचार |
| ९. | ब्रुड ख्याल नगरी मह काढ्ने | सुपरको मह मात्र काढ्ने |
| १०. | मह नछानीकन डिव्वामा राख्ने (कपडा) | छानेर मात्र डिव्वावन्दी गर्ने जालि |
| ११. | असल मह भण्डारण प्रविधी विना मह राख्ने | असल मह भण्डारण प्रविधी अपनाउने |

**(ख) सुलसुलेको व्यवस्थापन परीक्षण**

उपचारहरु

१. जैविक विधी (तितेपाती, असुरा आदि ) लाई मौरी घारको भित्री ढक्कनमाथी राखी अध्ययन गर्ने

२. एपीस्टानको प्रयोग (आसनवोर्डमा )

३. रानी विहिन गराउने (३ दिनसम्म)

४. भाले छाउरा नष्ट गरेर ( मह प्रवाहको शुरुमा भाले चाका प्रयोग गरी हुर्केका भाले छाउरा प्यूपा अवस्थामा पुगेपछि सो चाका गोलावाट बाहिर झिकी सुलसुले नष्ट गर्ने ) ।

**(ग) मौरीलाई विषादीको असर अध्ययन**

मौरीलाई चरन क्षेत्रमा लैजाँदा त्याँहा रहेको बालीहरुमा विषादी प्रयोग गर्दा असर पुर्‍याउने हुँदा बाली संरक्षपणमा कुन विषादी प्रयोग गर्दा मौरीलाई असर पर्दैन सो कुरा कृषकहरुलाई बुझाउन जरुरी भएकोले यो परीक्षण राखिएको हो ।

**उपचारहरु**

१. जैविक वनस्पतीहरुको मिश्रण प्रयोग (१:६) विहान राख्ने साँझ हटाउने

२. निमजन्य विषादीको प्रयोग निर्मक्स वा मार्गसम वा निम्बीसिडीन निकोनिम २-३ एम.एल प्रति लिटर पानिमा राख्ने ।

३. रासायनिक औषधीको प्रयोग

**(घ) मौरी र बाली परागसेचन अध्ययन**

उपचार

१.तोरी वालीलाई फूल फूल्नु अगाडि झुलले ढाक्ने

२.तोरी वालीलाई फूल फूल्नु अगाडि झुलले नढाक्ने

## अनुसुची १२

### पाठशालामा संचालन गरिने विशेष कक्षाहरु

मौरी कृषक पाठाशाला सञ्चालन विशेष प्राविधिक कक्षा

| क.स | हप्ता | विषय बस्तु | शिक्षण विधि | आवश्यक सामग्री | जिम्मेवारी व्यक्ति |
|---|---|---|---|---|---|
| १. | पहिलो हप्ता | मौरीको जिबन चक्र र वर्ग अनुसारको शारीरिक बनावट र कार्य विभाजन। | समुह छलफल र गोलाको अवलोकन चित्राङ्कन | मौरी घार गोला विभेल पन्जा हयाव टुल बाउण्ड पेपर मार्कर, टेप,स्केल | |
| २. | दोस्रो हप्ता | मौरी पालनमा प्रयोग हुने घार तथा सामग्री हरुको जानकारी | समुह छलफल र व्यवहारीक अभ्यास उपसमुह | मौरी घार गोला विभेल पन्जा हयाव टुल आदि | |
| ३. | तेस्रो हप्ता | मौरी गोलामा कृत्रिम रानु उत्पादन गर्ने तरिका। | समुह छलफल र व्यवहारीक प्रयोगात्मक | मौरी घार गोला विभेल पन्जा हयाव टुल आदि | |
| ४ | चौथौ हप्ता | मौरीमा हुने गृह त्याग र हुल निर्यासको व्यवस्थापन | समुह छलफल र व्यवहारीकप्रश्न उत्तर | मौरी घार गोला विभेल पन्जा हयाव टुल आदि | |
| ५. | पाँचौ हप्ता | रानु उत्पादन , गोला विभाजन र समायोजन को तरिका | समुह छलफल र व्यवहारीक | मौरी घार गोला विभेल पन्जा हयाव टुल आदि | |
| ६. | छैटौ हप्ता | परम्परागत घार बाट आधुनिका घारमा मौरी सार्ने , हुल समात्ने तरीका | समुह छलफल र व्यवहारीक फल्ड भ्रमण मुडे घार राखेको ठाउमा | मौरी घार गोला विभेल पन्जा हयाव टुल आदि | |
| ७. | सातौं हप्ता | कृत्रिम आहारा, आधार चाका र चाका व्यवस्थापन | समुह छलफल र व्यवहारीक प्रयोगात्मक | मौरी घार गोला विभेल पन्जा हयाव टुल आदि | |
| ८. | आठौं हप्ता | मैरीमा लाग्ने रोगहरु र कुपोषण सम्बन्धि जानकारी | छलफल र रोगी मौरी घारको अवलोकन | मौरी घार गोला विभेल पन्जा हयाव टुल आदि | |
| ९. | नवौं हप्ता | मौरीको शत्रुहरु वारे जानकारी | समुह छलफल र संकलन वर्गीकरण | मौरी घार गोला पकने जालि डिव्वा प्लाष्टीक थैला रवर लेन्स | |
| १०. | दसौ हप्ता | मौरी परजिवि ( सुलसुलेको व्यवस्थापन जैविक विधि ( असुरो तितेपाति ) एपीस्टोनको प्रयोगरानु पिजाडा गर्ने | समुह छलफल र व्यवहारीक फिल्प चार्टको प्रयोग | मौरी घार गोला विभेल पन्जा हयाव टुल आदि | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | एघार हप्ता | पराग सेचन र मौरीको सम्बन्ध बारे जानकारी | समुह छलफल र व्यवहारीकनेटिड गरेर तोरीको प्लटको अध्ययन गर्ने | नेट जालि स्केल व्यालेन्स ग्राउण्ड पेपर मार्कर आदि | |
| १२. | बाह्रौ हप्ता | मौरीपालनको कृषक तरिका र असल मौरीपालन अभ्यास तरिका विचको अन्तर सम्बन्धबारे समिक्षा | समुह छलफल र व्यवहारीक | मौरी घार गोला विभेल पन्जा हयाव टुल आदि | |
| १३ | तेह्रौ हप्ता | मौरी गोला स्थानन्तरण बारे जानकारी | समुह छलफल प्रश्न उत्तर प्रयोगात्मक | मौरी घार गोला विभेल पन्जा हयाव टुल आदि | |
| १४ | चौधौं हप्ता | विषादिले मौरीमा पार्ने असर र एकीकृत शत्रु जिब व्यवस्थापन | समुह छलफल र व्यवहारीक | मौरी घार गोला विभेल पन्जा हयाव टुल आदि | |
| १५ | पन्ध्रौ हप्ता | मौरी चरन पात्रो निर्माण | मौरी चरन पात्रो तयारी | मौरी घार गोला विभेल पन्जा हयाव टुल आदि | |
| १६. | सोह्रौ हप्ता | मह उत्पादन भण्डारण प्रशोधन र बजारीकरण | समुह छलफल र व्यवहारीक | मौरी घार गोला विभेल पन्जा हयाव टुल आदि मह मदानि | |

## अनुसुची १३

मौरी फर्म केन्द्रहरुबाट प्रति १००० वटा रानु उत्पादन गर्दा लाग्ने खर्च

| सि.नं. | विवरण | इकाइ | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गुणस्तर आमा गोला खरिद | सख्या | १० | १०००० | १००००० | |
| २ | चिनी चास्नी खुवाउन प्रति घार प्रति वर्ष १५ के. जी का दरले | के. जी | १५० | ८० | १२००० | |
| ३ | ग्राफटीग घार गोला | सख्या | ५ | ९००० | ४५००० | |
| ४ | न्युक्लयिस घार | सख्या | १०० | २००० | २०००००० | |
| ५ | ग्राफ्टीग सामान | सेट | ५ | १५००० | ७५००० | |
| ६ | मौरीको स्याहार सम्भार गर्ने ज्यामी खर्च | जना | ३० | ५०० | १५००० | |
| ७ | मौरी घार गोला स्थानान्तर तथा ओसार पसार ढूवानी | पटक | २ | १०००० | २०००० | |
| ८ | प्राविधीकहरुको आते जाते दैनिक भत्ता एक पटकमा २ जना ले ३ पटकको | जना | ६ | ५००० | ३०००० | |
| ९ | विविध खर्च | | | | ३००० | |
| | कुल जम्मा रु. | | | | ५,००,००० | |

## अनुसुची १४

**मौरी क्लीनिक (बी क्लीनिक)**

| सि.नं. | विवरण | इकाइ | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रचार प्रसार (एफ. एम., पर्चा, माईकिङ आदि) | पटक | १ | २००० | २००० | |
| २ | मौरी उपचार शिबिर संचालन सामाग्री (एप्रोन, क्याप, चक्कु, कैची, लेन्स, भाइल, पेपर, केमिकल्स, ब्यानर आदि) | पटक | १ | ३००० | ३००० | |
| ३ | सुझाव पर्चा, फ्याक्ट सिट छपाई | पटक | १ | १००० | १००० | |
| ४ | स्टेशनरी (क्लिनिक रजिष्टर, कलम, आदि ) | पटक | १ | ५०० | ५०० | |
| ५ | मौरी उपचार शिबिर व्यवस्थापन खर्च | पटक | १ | १५०० | १५०० | |
| ६ | खाजा खर्च | जवान | १० | ५० | ५०० | |
| ७ | प्रतिवेदन तयार | पटक | १ | ५०० | ५०० | |
| | कुल जम्मा रु. | | | | ९००० | |

**नोट:** मौरी उपचार शिबिर संचालनका लागि इन्धन र कर्मचारीको दै.भ्र.भ. यसमा समावेश गरिएको छैन । ईन्धन र कर्मचारीको दैनिक भ्रमण भत्ता रकम सम्बन्धित आयोजक संस्था/कार्यालयले शिबिर संचालन स्थलसम्म पुग्न, कार्यक्रम संचालन गर्न र फर्कन लाग्ने समयका आधारमा विनियोजन गर्नु पर्ने छ । एप्रोन र क्याप सेतो वा हरियो रंगको हुनु पर्नेछ र एप्रोन र क्यापमा "मौरी क्लिनिक बिज्ञ" भन्ने वाक्यांश छापेको वा ईम्ब्राईडरी गरेको हुनु पर्ने छ ।

अनुसुची १५

**European Foul Brood (EFB)** व्यावस्थापन कार्यक्रम सञ्चालन गर्दा लाग्ने खर्च ।

| सि.नं. | विवरण | इकाइ | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रचार प्रसार (एफ. एम., पर्चा, माईकिङ आदि) | पटक | १ | २००० | २००० | |
| २ | कार्यक्रम संचालन सामाग्री (एप्रोन, क्याप, चक्कु, कैची, लेन्स, भाइल, पेपर, केमिकल्स, ब्यानर आदि) | पटक | १ | १०००० | १०००० | |
| ३ | सुझाव पर्चा, फ्याक्ट सिट छपाई | पटक | १ | १५०० | १५०० | |
| ४ | स्टेशनरी (क्लिनिक रजिष्टर, कलम, आदि ) | पटक | १ | ५०० | ५०० | |
| ५ | EFB उपचार परिक्षण औषधी खर्च प्रति कृषक रु १००० का दरले १० जना कृषकहरु | पटक | १ | १०००० | १०००० | |
| ६ | प्राविधिकहरुको दै भ्र भत्ता २ जना एक पटकका दरले कम्तीमा पनि ४ पटक | जवान | ८ | ४००० | ३२००० | |
| ७ | शिविर सञ्चालनका लागी इन्धन | पटक | ४ | ८०० | ३२०० | |
| ८ | प्रतिवेदन तयार | पटक | १ | ८०० | ८०० | |
| | कुल जम्मा रु. | | | | ६०००० | |

## अनुसुची १६

**सुलसुले (Mites ) व्यवस्थापन अभियान कार्यक्रम सञ्चालन गर्दा लाग्ने खर्च विवरण ।**

| सि.नं. | विवरण | इकाइ | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रचार प्रसार (एफ. एम., पर्चा, माईकिङ आदि) | पटक | १ | २००० | २००० | |
| २ | मौरी माइट व्यवस्थापन गर्न संचालन सामाग्री ( एप्रोन, क्याप, चक्कु, कैंची, लेन्स, भाइल, पेपर, केमिकल्स, ब्यानर आदि) | पटक | १ | १०००० | १०००० | |
| ३ | सुझाव पर्चा, फ्याक्ट सिट छपाई | पटक | १ | १५०० | १५०० | |
| ४ | स्टेशनरी (क्लिनिक रजिष्टर, कलम, आदि ) | पटक | १ | ५०० | ५०० | |
| ५ | माइट व्यवस्थापन उपचार नमुना प्रदर्शन खर्च प्रति कृषक रु १००० का दरले १० जना कृषकहरु | सख्या | १० | १००० | १०००० | |
| ६ | प्राविधिकहरुको दै भ्र भत्ता २ जना एक पटकका दरले कम्तीमा पनि ३ पटक | जवान | ६ | ४००० | २४००० | |
| ७ | शिविर सञ्चालनका लागी इन्धन | पटक | ३ | ५०० | १५०० | |
| ८ | प्रतिवेदन तयार | पटक | १ | ५०० | ५०० | |
| | कुल जम्मा रु. | | | | ५०००० | |

## अनुसुची १७

### ३५ हेक्टरमा रेशमखेती गर्दा लाग्ने खर्च विवरण

| क स | कार्यक्रम | इकाइ | परीमाण | प्रती इकाइ मुल्य (रु) | जम्मा लाग्ने खर्च (रु) | निर्देशनालयले व्यहोर्ने | कृषक सहकारीले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| 1 | कीम्बु क्षेत्र विस्तार | हेक्टर | ३५ | | | | |
| २ | किम्बु विरुवा वितरण | सख्या | ३५०००० | २ | ७००००० | ५९५००० | १०५००० |
| ३ | क्लष्टर निर्माण | सख्या | ७ | १५०० | १०५०० | ८९२५ | १५७५ |
| ४ | स्थलगत तालीम | सख्या | ३५ | ३०००० | १०५०००० | १०५०००० | ० |
| ५ | कीम्बु वीरुवा उत्पादन | सख्या | ३५०००० | २ | ७००००० | ५९५००० | १०५००० |
| ६ | रेशम वीज उत्पादन | वक्स | | | ० | ० | ० |
| ७ | विजकोया उत्पादन | केजी | | | ० | ० | ० |
| ८ | उपकरण वितरण | सख्या | १५ | १००० | १५००० | १२७५० | २२५० |
| ९ | सी आर सी भवन निर्माण | सख्या | ४ | ३००००० | १२००००० | १०२०००० | १८०००० |
| १० | चौकी कीरापालन तथा वितरण | वक्स | | | ० | ० | ० |
| ११ | कीरापालन घर निर्माण अनुदान | सख्या | ६ | २००००० | १२००००० | १०२०००० | १८०००० |
| 12 | ढुवानी अनुदान | पटक | २ | २३००० | ४६००० | ३९१०० | ६९०० |
| 13 | प्राविधीक सेवा टेवा | पटक | ४० | ४००० | १६०००० | १६०००० | |
| | जम्मा | | | | ५०८१५०० | ४५००७७५ | ५८०७२५ |

# अनुसुची १८

## मौरी श्रोत केन्द्रको मापदण्ड

मौरी श्रोत केन्द्रको स्थापना र तथा श्रोत केन्द्रको रुपमा काम गर्न निम्न मापदण्डहरु पुरा गरेको हुनु पर्ने छ।

१. .घरेलु वा उद्योग बाणिज्यमा दर्ता भइ व्यावसायीक कीट विकास निर्देशनालय वा मौरीपालन विकास शाखा कार्यालयहरुमा समेत सुची दर्ताको समयावधि भीत्र सुची दर्ता गरेको हुनु पर्ने छ।

२. प्यान वा भ्याटमा दर्ता भएको।

३. सञ्चालकबाट कम्तीमा पनि मौरीघार गोला निर्माणमा १५ दिने तालीम लिएको।

४. व्यावसायीक रुपमा कम्तीमा पनि १० बर्षसम्म मौरीपालन, घारगोला बिक्री वितरण गरेको।

५. मौरी घार निर्माण तथा आधारचाका निर्माण गर्ने मेशिन जडान गरि कम्तीमा पनि ५ जना नियमीत रुपमा कामदार राखी कार्य गरि रहेको।

६. श्रोत केन्द्र निर्माणको लागि आवश्यक भौतिक पुर्वाधार पुरा गरेको।

७. मौरीपालन श्रोत केन्द्रको रुपमा मौरघार वा मौरी गोला , आधारचाका निर्माण गर्दा निम्नानुसारको मापदण्ड पुरा गरेको हुनु पर्ने भएकोले सो वस्तु निर्माण गर्न आवश्यक मेशिनरी तथा भौतिक पूर्वाधार पुरा गरेको हुनु पर्ने।

मौरीघारगोलाको मापदण्ड :

- मेलीफेराको घारको भीत्रीभाग 14–11/16 **इन्च(३७३ एम एम) र भीत्रि लम्बाइ १८-५/१६ इन्च (४६५ एम एम) घारमा कम्तीमा पनी ५ फ्रेम मौरी भएको मेलीफेरा भएमा स्वस्थ्य रानु सहित २५००० र सेरेनाको हकमा १५००० जनसख्या भएको हुनु पर्ने।**
- **आधारचाका निर्माण तथा वितरणकोलागी सेरेना घारको भित्री भाग न्युट्रन ए २ कम्ब ५.३ मी मी कोष साइज भएकोs कोषको उचाइ १९५ मी मी भएको तथा मेलीफेराको हकमा ५.३ मी मी को कोष साइज बनाउन सक्ने आधारचाका निर्माण गर्ने मेशीन जडान भएको।**
- घार निर्माणकोलागि आवश्यक पर्ने टुनीका काठ खरीद गरेको प्रमाण पत्रहरु समावेश भएको
- नियमीत रुपमा मौरीगोला घार आधारचाका तथा मौरी उपकरण निर्माण र विक्री गरेको बिवरण देखाउने गरी श्रेश्ता राखेको।
- रानु उत्पादन गर्न आवश्यक पर्ने मेशीन तथा उपकरणहरु भएको।
- आफुले गोलाघार विक्री गर्ने लक्ष्य सख्याको एक चौथाइ स्वास्थ माउगोला आफु सग रहेको वा अनुभवी मौरीपालकहरुसग सम्झौता गरेर चाहेको अवस्थामा उपलब्ध गराउन सक्ने व्यवस्थाको प्रमाण पेश गर्न सक्ने
- मौरीघार र आधारचाकाको हकमा बर्षमा १ पटक र गोला उत्पादन र बिक्रीको हकमा प्रत्येक लटमा मौरी विज्ञहरुबाट अनुगमन गराइ उपयुक्त छ भनी प्रमाणित गराएको हुनु पर्ने।

## अनुसुची १९

च्याउ विउ श्रोत केन्द्रको मान्यता प्राप्त गर्न निम्नुसार मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

१. हरेक दिन कम्तीमा पनी १०० के जी विउ उत्पादन गर्न सक्ने आधुनिक च्याउ विउ उत्पादन गर्न आवश्यक पर्ने प्रयोगशाला भवन ।
२. च्याउ विउ उत्पादन गर्न आवश्यक पर्ने अटोक्लेभ लेमीनार फ्लो जस्ता उपकरणहरु जडान ।
३. प्रयेगशालामा काम गर्ने दक्ष जनशक्ती कम्तीमा B sc Ag,B Sc Forestry,Bs Microbiology, B.Sc Biotehnology , B. Sc Biology अध्ययन गरेको हुनु पर्दछ
४. विउ उत्पादन गर्न आवश्यक पर्ने Master culture स्वय आफै उत्पादन गर्ने वा नेपाल सरकारले तोकेको स्थानबाट ल्याएको हुनु पर्दछ ।
५. Pure Culture लाइ लामो समयसम्म बचाइ राख्न सक्ने क्षमता हुनु पर्दछ ।
६. आफुले प्रयोग गरेको Strain P value जानकारी दिन सक्ने हुनु पर्दछ ।
७. श्रोत केन्द्रमा विउ उत्पादन गर्दा Spawn to Spawn गर्न पाइने छैन ।
८. उत्पादीत च्याउको वीउलाइ Filter pp bagमा मात्र राखेको हुनु पर्दछ ।
९. प्यान वा भ्याटमा दर्ता भएको हुन पर्दछ ।
१०. सम्बन्धीत विषय विशेषज्ञहरुबाट समय समयमा निरीक्षण गराइ प्रमाणित गराउनु पर्ने छ ।

## अनुसुची २१

# मौरी च्याउ र रेशम कार्यक्रम कार्यान्वयन कार्यविधी २०७० पहीलो सशोधन २०७३ मा थप तथा परीवर्तन भएका कार्यक्रम र बजेट व्यवस्थापन चेकलीष्ट

| क स | कार्यक्रम | अनुदान या खर्च शिर्षकहरु | अनुदान प्रतीशत वा खर्च बजेट | कैफीयत |
|---|---|---|---|---|
| २.३ | **एपी टुरीजम कार्यक्रम** | मौरीघार गोलामा अनुदान | ९०% | नयाँ कार्यक्रम |
| २.४ | सामुदायीक वा कबुलियत वनसँगको सहकार्यमा विपन्न बर्ग लक्षित मौरीपालन विकास कार्यक्रम सन्चालन | मौरीघार गोला आधारचाका उपमरणहरुमा | ९०% | नयाँ कार्यक्रम |
| | | च्युरी नर्सरी स्थापानामा | प्रती नर्सरी रु ५०००० । | " |
| २.५ | **गुणस्तर मौरी रानु उत्पादन कार्यक्रम** | आवश्यक पर्ने आमा घार गोला उपकरण तथा प्राविधिक सेवा टेवा समेतमाको खर्चहरु | प्रति १००० रानु उत्पादनकोलागी रु ५ लाख सम्मको खर्चहरु | मौरी फर्महरुको नियमीत स्वीकृत कार्यक्रमलाइ सहज बनाउन तयार गरीएको |
| २.६ | मौरी क्लीनीक सन्चालन ( बी क्लिनिक) | अनुसुची १४ मा उल्लेख भएका शिर्षहरुमा गरीने खर्च | प्रती क्लिनीक रु ९००० | " |
| २.७ | European Foul Brood (E F B ) व्यवस्थापन | अनुसुची १५ मा उल्लेख भएका शिर्षहरुमा गरीने खर्च | प्रती कार्यक्रम रु ६००००। | " |
| २.८ | सुलसुल (Mites ) व्यवस्थापन अभियान | १ दीने निशुल्क सन्चालन हुने कार्यक्रममा अनुसुची १६ अनुसारका खर्चहरु | प्रती कार्यक्रम रु ५००००। | " |
| २.९ | च्युरीको विरुवा उत्पादन तथा वितरण | च्युरीको विउ मलखाद अन्य रसायन खरीद र विरुवा उत्पादन देखी वितरण गर्ने समयसम्मका ज्यामी खर्चहरु र विरुवा वितरण गर्दा लाग्ने खर्चहरु | स्थानीय दररेट अनुसार | मौरी फर्महरुको नियमीत स्वीकृत कार्यक्रमलाइ सहज बनाउन तयार गरीएको |
| २.१० | मौरी चरन क्षेत्रको सर्वेक्षण | सर्भे गर्न जाने पदाधीकारीहरुको यातायत तथा दै भ र आवश्यक पर्ने स्टेशनरी आदी खर्च | स्थानीय दररेट र नियमानुसार | नया कार्यविधी |
| २.११ | मौरीपालन कृषक पाठशाला सन्चालन | अनुसुची १० अनुसार पाठशाला सञ्चालनका विभीन्न चरणहरुमा हुने खर्चहरु | प्रती पाठशाला रु १०००००। सम्म | विगत बर्षहरु देखी नै सञ्चालन हुदै आएको आइ पी एम कृषक पाठशाला को नर्मसमा आधारीत |

| क स | कार्यक्रम | अनुदान या खर्च शिर्षकहरु | अनुदान प्रतीशत वा खर्च बजेट | कैफीयत |
| --- | --- | --- | --- | --- |
| २.१२. | **निजी क्षेत्रमा च्याउको कल्चर सरक्षण गर्ने ल्यावको स्थापना** | प्रयोगशाला निर्माण गर्दा लाग्ने औजार उपकरण प्रविधीक सेवा र अनुगमन आदीमा हुने खर्चहरु | ल्याव स्थापना लागतको ५० प्रतीशत वा बढीमा विनीयोजीत बजेट मध्ये जुन कम हुन्छ सो अनुदान | नया कार्यविधी |
| **३.१** | **सरकारी सहकारी साझेदारीमा कीम्बु खेती विस्तार** | अनसुची १७ का खर्चहरु | ८५% अनुदानका दरले प्रती क्लष्टर( १०० रेपनी ) रु ६ लाख २० हजार सम्म अनुदान दिने | आ ब २०७३।०७४ को बजेट बक्तव्यमा उल्लेख भएके कार्यक्रमको शुरुवात भएकोले लक्ष्य अनुसार ५००० हेक्टरमा किम्बु क्षेत्र विस्तार गर्न लाग्ने खर्च र प्रतिफल अनुसुची २० मा उल्लेख गरीएको छ । |
| **४.१** | **मौरी जन्य उप उत्पादन तथा सकलन केन्द्र स्थापना अनुदान** | ५०० वटा गोला घार र मौरीजन्य सह उत्पादनको लागी आवश्यक पर्ने सामाग्री तथा प्राविधक सेवा टेवा को लागी हुने खर्चहरु | ५०% मुल्य अनुदान वा बढीमा रु २० लाख सम्मको अनुदान | मौरीको मह मात्र नभै अन्य सह उत्पादनबाट पनी कृषकहरु लाभाविन्वत बनाउन नया नमुना मौरी फर्मको शुरुआत गरिने । |
| **४.२** | **मह मेला सञ्चालन** | ४ दिन सम्म सार्वजनिक स्थलमा सञ्चालन हुने मेलास्थलको भाडा गोष्ठी तथा प्रचार प्रसार मा हुने खर्चहरु | लागतको ५० प्रतीशत खर्च वा विनियोजीत बजेटको परिधी सम्मको बजेट सहकार्य गर्ने सस्थालाइ अनुदान दिने | विगत बर्षहरुमा सरकारी स्तरबाट मात्र सीमीत क्षेत्रमा सञ्चालन गरीदै आएकोमा सहभागीतामक रुपमा बृहत रुपमा सार्वजनीक स्थलमा सञ्चालन गर्न |